# प्रहरी दर्पण २०४९
# POLICE MIRROR 1992









# माननीय गृह मंत्रीज्यूको सन्देश

श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको ४४ सौं शुभ जन्मोत्सवको सुखद् अवसरमा सदा झैं यस बर्ष पनि साल भरमा नेपाल प्रहरीले गरेको विविध क्रियाकलापहरूलाई समावेश गरी प्रहरीको क्रियाकलाप जन समक्ष प्रस्तुत गर्ने उद्देश्यले 'प्रहरी दर्पण' प्रकाशित गर्न लागेकोमा मलाई खुशी लागेको छ।

नेपाल प्रहरीले देशमा शान्ति सुरक्षाको सुव्यवस्था तथा अमन चयन कायम गर्ने आफ्नो मूल अभिभाराको अतिरिक्त प्रहरी कर्मचारीमा भाईचारा संबन्धको बृद्धि गर्न, प्रहरीको आत्मबल बढाउन तथा प्रहरी कर्मचारीको सर्वाङ्गीण विंकासका लागि धेरै नै महत्वपूर्ण अन्य क्रियाकलापहरू समेत गर्दै आएको कुरा सर्वबिदितै छ। यी सबै कुराको कुनै एक अवधि पछि समीक्षा हुनु पनि आवश्यक भएकोले यो बार्षिक प्रकाशनले समीक्षाको काम पनि गर्ने मैले ठानेको छु।

वास्तवमा 'जस्तो नाम त्यस्तै गुण' भने झैं प्रहरी दर्पण प्रहरीका क्रियाकलापहरूलाई स्पष्टसँग जनता माझ प्रस्तुत गर्ने ऐनाको रूपमा रहोस् भन्ने शुभ-कामनाकासाथ यसको प्रकाशनमा मेहनत गर्नु हुने सबैमा हार्दिक धन्यवाद दिन्छु।

(शेर बहादुर देउवा)
गृह मन्त्री

# Message From The Home Minister

It gives me pleasure to know that as in the past years Nepal Police is bringing out *Prahari Darpan 2049* containing various police activities on the occasion of the 44th auspicious birthday of Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah.

It is well known that Nepal Police has been carrying out dedicatedly its main responsibility of maintaining law and order in the country. Additionally, it has been been involved in various activities related to confidence-building and enhancing the sense of camaraderie among the members of the police force for their all-round development. As all these activities need to be reviewed periodically, I feel that this yearly publication will also act as a review.

As the volume's title suggests, I wish that *Prahari Darpan* remains a mirror of police activities for the public. I would also like to thank all who have helped in this publication.

(Sher Bahadur Deuba)
Home Minister



# गृह सचिवज्यूको सन्देश

नेपाल प्रहरीको तर्फबाट **श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको** ४४ औं शुभ-जन्मोत्सवको सुखद उपलक्ष्यमा 'प्रहरी दर्पण, २०४९' प्रकाशन हुन लागेको सुन्दा मलाई खुशी लागेको छ।

देशमा शान्ति सुरक्षा कायम गर्ने र अपराध नियन्त्रण गर्ने जस्तो महत्वपूर्ण कार्यमा सदा सलंग्न भैरहने नेपाल प्रहरी भित्रका विभिन्न गतिविधि तथा क्रियाकलाप सम्बन्धी ज्ञान सर्वसाधारण जनता समेतको पहुंच भित्र पुग्नु बदलिएको बर्तमान परिप्रेक्ष्यमा अझ बढी जरूरी भएको बेला यस प्रकारको प्रकाशन हुनु निकै सकारात्मक कुरा हो भन्ने मलाई लागेको छ।

नेपाल प्रहरीका विविध क्रियाकलापहरूलाई समेटेर प्रकाशन हुन लागेको प्रस्तुत 'प्रहरी दर्पण' सर्वसाधारण पाठकहरू एवं प्रहरीस्वयंलाई उपयोगी हुन सकोस् भन्ने शुभ-कामना व्यक्त गर्दछु।

(योगेन्द्र नाथ ओझा)
सचिव

# Home Secretary's Message

It is a pleasure for me to note that Nepal Police is bringing out *Prahari Darpan 2049* on the auspicious occasion of the 44th birthday of Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah.

The publication of this kind is a very positive exercise as there is a greater need in the changed context to present before the public various activities of Nepal Police which has been engaged in the important task of maintaining law and order, and crime control.

I would like to express my best wishes that *Prahari Darpan 2049*, a collection of various police activities, will be useful to the general readers as well as the police themselves.

(Yogendra Nath Ojha)
Secretary



# प्रहरी महानिरीक्षकको सन्देश

**श्री ५ बडामारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह** सरकारको ४४ औं शुभ-जन्मोत्सव को पावन अवसरमा मौसूफ सरकारको जुनाफमा समस्त प्रहरीको तर्फबाट सु-स्वास्थ्य दिर्घायु एवं अटल सौभाग्यको हार्दिक मंगलमय शुभ-कामना चढाउंद छु।

**श्री ५ बडामाहारनी सरकार**को शुभ-जन्मोत्सवको उपलक्ष्यमा वर्ष भरी नेपाल प्रहरी भित्र भएका विविध कृयाकलापहरूको प्रकाश पार्दै विगत वर्षहरूभा झैं यस वर्ष पनि प्रहरी दर्पण २०४९ प्रकाशित भएको छ। हरहमेशा आफ्नो देश जनता र सरकारको प्रति कर्तव्य पालनामा प्रहरीले देखाएको साहश, समर्पण, त्याग र तपस्या जस्ता कार्यहरूलाई यस प्रकाशन मार्फत जनसमक्ष ल्याई आफ्नो थप परिचय दिन सक्ने छ भन्ने आशा गर्दछु। राष्ट्रिय विकाशको क्रममा आवश्यक पर्ने शान्ति सुरक्षा, अपराध नियन्त्रण जस्ता चुनौतिपूर्ण मार्गमा सदैव अग्रसर रहने समस्त प्रहरी अधिकृत तथा जवानहरू आगामी दिनहरूमा अझ बढि सजग र कर्तव्यनिष्ठ रही विभागको गरीमामय छविलाई अझै उज्जवल पार्न अग्रसर हुनेनै छन् भन्ने विश्वास लिएको छु।

अन्त्यमा यस प्रहरी दर्पण २०४९ को प्रकाशनार्थ अथक परिश्रम तथा लगनशिताका साथ कार्य गर्ने सम्पादकीय मण्डल लगायत सबैलाई धन्यवाद दिन चाहन्छु।

जय नेपाल।

(रत्न शम्सेर ज.ब.रा.)
प्रहरी महानिरीक्षक

# Message from the Inspector General of Police

On the occasion of the 44th Auspicious Birthday of Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah, I wish to express, on behalf of all the members of the police force, sincere felicitations for Her Majesty's long life and prosperity.

Marking Her Majesty's Auspicious Birthday as in previous years, the 2049 edition of *Prahari Darpan* has been brought out to showcase the various activities of Nepal Police. I hope the volume will effectively present to the public the courage, dedication and sacrifice with which the police personnel have been fulfiling their responsible duties in the service of the country, people and government.

I am confident that all the police staff, faithful to their unwavering tradition of meeting courageously the challenges of maintaining law and order and crime control, will in the days ahead demonstrate more vividly their alertness and dutifulness, and further brighten the image of the department.

Lastly, I would like to thank the editors and others who had to put in their best efforts for the publication of this journal.

Jai Nepal!

(Ratna Shumsher J. B. R.)
Inspector General of Police

# सम्पादकीय

प्रत्येक वर्ष श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा प्रकाशन गरिने 'प्रहरी दर्पण' प्रकाशन श्रृखलाको यो नवौं अंक सहयोगी पाठकहरू समक्ष प्रस्तुत गर्न पाउंदा हामीलाई हर्ष लागेको छ। नेपाल प्रहरीको वर्ष भरीका विविध कृयाकलापहरूलाई यस सचित्र प्रकाशनले समेटेको छ र आशा एंव बिश्वास छ, यो प्रकाशनले नेपाल प्रहरीका आयामहरूलाई पाठक समक्ष स्पष्ट पार्न सक्ने छ।

प्रकाशनलाई सारयुक्त र उपयोगी प्रकाशनका रूपमा स्थापित गराई राख्न आवश्यक सुझाव तथा सहयोगहरूको 'प्रहरी दर्पण' ले सबै पक्षबाट अपेक्षा राखेको छ।

अन्तमा श्री ५ बडामहारानी सरकारको ४४ औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य, दीर्घायू एंव अटल सौभाग्यको मंगलमय शुभ-कामना चढाउंदै, यस प्रकाशनलाई यस रूपसम्ममा ल्याई पु-याउंन आ-आफ्नो क्षेत्रबाट योगदान पु-याउंनु हुने सबैमा 'सम्पादक मण्डल' हार्दिक आभार व्यक्त गर्दछ।

# Editorial

We are pleased to present to our readers the ninth edition of *Prahari Darpan*, brought out every year to mark the Auspicious Birthday of Her Majesty the Queen. This illustrated publication has covered various activities of Nepal Police over the past year, and we hope that it gives the readers a clear view of the police force's multi-dimensional duty.

*Prahari Darpan* editors solicit constructive suggestions and assistance from all quarters to establish the publication as a meaningful and useful yearly journal.

Finally, on the occasion of Her Majesty the Queen's 44th Auspicious Birthday, we wish Her majesty good health, long life and prosperity. The editors would also like to thank all those who contributed from their respective fields to create this volume.


*Hearty Felicitations To Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah On Her Majesty's 44th Birthday.*

**R. D. Kiran**
Resident Manager
Shangrila Hotel

# प्रहरी दर्पण

# Police Mirror

वार्षिक प्रकाशन दर्ता नं. ०१/०४१

**सम्पादकीय मण्डल**

**प्रधान सम्पादक**

प्र.उ. श्री श्यामभक्त थापा

**सम्पादक**

प्र.ना.उ. श्री मोहनबहादुर सिलवाल

प्र.ना.उ. श्री दिनकर शम्शेर ज.ब.रा.

**सह-सम्पादक**

प्र.नि. श्री रामकुमार खनाल

प्रा.नि. श्री सुवोध घिमिरे

**सल्लाहकार मण्डल**

प्र.ना.म.नि श्री मोतीलाल बोहरा

प्र.ना.म.नि श्री गोविन्दकर्म थापा

प्र.ना.म.नि श्री सोमकान्त शर्मा

प्र.ना.म.नि श्री अच्युतकृष्ण खरेल

प्र.ना.म.नि श्री ध्रुवबहादुर प्रधान

प्र.ना.म.नि श्री पदमकुमार नेपाली

प्र.ना.म.नि श्री द्वारीकाबहादुर श्रेष्ठ

प्र.ना.म.नि श्री रूद्रबहादुर पाण्डे

**तस्वीरहरू**

प्रहरी प्रधान कार्यालय छाँया चित्रकारी शाखाको सौजन्यबाट प्राप्त

**छाँया चित्रकार**

प्र.ना.उ. शेरबहादुर कार्की

प्र.ना.नि. कृष्णकुमार राई

**प्रकाशक**

प्रहरी दर्पण प्रकाशन समिति

प्रहरी प्रधान कार्यालय

नक्साल, काठमाडौं

An annual publication Regd. No. 01/041

**Editorial Board**

**Chief Editor**

S.P. Shyam Bhakta Thapa

**Editor**

Dy. S. P. Mohan Bahadur Silwal

Dy. S. P. Dinkar Samsher JBR

**Sub-Editor**

Inspector Ram Kumar Khanal

Inspector Subodh Ghimire

**Advisory Board:**

D.I.G.P. Moti Lal Bohara

D.I.G.P. Govinda Karma Thapa

D.I.G.P. Som Kanta Sharma

D.I.G.P. Achyut Krishna Kharel

D.I.G.P. Dhruba Bahadur Pradhan

D.I.G.P. Padam Kumar Nepali

D.I.G.P. Dwarika Bahadur Shrestha

D.I.G.P. Rudra Bahadur Pandey

**Photographs**

Curtsey: Photography Section Police Headquarters, Nepal.

**Photographer**

Dy. SP. Ser Bahadur Karki

Sub. Insp. Krishna Kumar Rai

**Published By:**

Police Mirror Publication Board

Police Headquarters

Naxal, Kathmandu

## बिषय सूचि

१. संगठन

२. तालिम

३. अपराध नियन्त्रण

४. समारोह

५. खेलकुद

६. ब्यबसायिक गतिबिधि

७. प्रहरी परिवार महिला संघ

८. अन्य अवसरहरू

## Table of Contents

1. Organisation
2. Training
3. Crime Control
4. Ceremony
5. Sports
6. Professional Activity
7. Police Families Women's Association
8. Other Highlights

*All the best wishes and greetings to Her Majesty the Queen on Her Majesty's 44th birthday.*

**SUMMIT HOTEL**

&

**Summit Nepal Trekking Pvt. Ltd.**

P.O. Box 1406 Kathmandu, Kupondole Height, Lalitpur, Nepal.

# संगठन






# Organisation

# पदोन्नति, अवकाश तथा नियुक्ति

प्रहरी नियमावली अनुसार प्रहरी सेवामा जेष्ठता, शैक्षिक योग्यता, तालिम, कार्यदक्षता, आचारण,स्वास्थ्य र उमेर आदि जस्ता आवश्यक मुलभूत कुराहरूलाई सुक्ष्मरूपमा मुल्यांकन गरी पदोन्नतिको लागि योग्य भएको प्रत्येक प्रहरी अधिकृत तथा जवानहरूको पदोन्नति गरिने व्यवस्था छ भने अर्को तर्फ उमेरको हद तथा सेवा अवधिको आधारमा सेवा निवृति पनि गर्ने गरिन्छ। साथै यसको अतिरिक्त समय अवधि पूरा भै पाईने अवकाश बाहेक श्री ५ को सरकारले आवश्यक संम्फेमा कुनै पनि प्रहरी कर्मचारीलाई अनिवार्य अवकाश पनि दिन सक्ने कानूनी प्रावधान रहेको छ।

आर्थिक बर्ष २०४८।४९ को अवधिभरमा निम्नानुसारका राजपत्रांकित प्रहरी अधिकृतहरूले अवकाश प्राप्त गर्नु भएको छ।

| दर्जा | संख्या |
|---|---|
| १. प्रहरी उपारक्षक | १ |
| २. प्रहरी नायब उपरिक्षक | २ |
| ३. प्रहरी निरिक्षक | १ |

### नियुक्ति

गत आर्थिक बर्षमा खुल्ला प्रतियोगिताद्वारा निम्नानुसार राजपत्रांकित प्रहरी अधिकृतहरूको नयाँ नियुक्ति गरिएको छ।

| दर्जा | संख्या |
|---|---|
| प्रहरी निरीक्षक | ६१ |



प्रहरी महानिरीक्षक प्रहरी अधिकृतलाई दर्ज्यानी चिन्ह लगाइ दिनुहँदै।
*Inspector General of police pinning rank badges on police officer.*

# Promotion, Retirement and Recruitment

One of the reasons why Nepal Police is a big attraction to young men and women seeking to join the force is the fact that it offers them good opportunities for speedy career development. For the meritorious, scaling the promotion ladder is rather smooth as strict evaluation, in conformity with police regulations, is carried out. The evaluation variables like seniority, academic qualification, training, competence, conduct, health and age are taken into account in assessing the hopefuls for promotions. On the other hand, officials are retired with pension according to age and service limits. Apart from the normal retirement, the service regulations also provide for compulsory retirement if the need for the same is felt.

During 2048/49, the following gazetted-class police officers were retired.

| Post | Number |
|---|---|
| Superintendent of Police | 1 |
| Deputy Superintendent of Police | 2 |
| Police Inspector | 1 |

### Recruitment

The following number of gazetted police officers were taken in through open competition during the year.

| Post | Number |
|---|---|
| Inspector of Police | 61 |

# वीरगति प्राप्त गरेका प्रहरीहरू

राज्यमा शान्ति सुव्यवस्था कायम राख्ने क्रममा नेपाल प्रहरी संगठन अपराधिक क्रियाकलापको रोकथाम गर्ने, अनुसन्धान गर्ने र समाजमा सुरक्षित स्थितिको श्रृजना गराई आफ्नो अधिकार र कर्तव्यको बोध गराउन निर्भिक तथा निष्पक्ष रूपले प्रयत्नशील एंव समर्पित छ। यस्तै आर्दश बोकी संगठनको छबिलाई उच्च राख्न आफ्नो जीवन आहुति दिने निम्न वीर प्रहरी अधिकृतहरूको आत्माले चीरशान्ति पाईरहोस।

१. **प्रहरी निरीक्षक श्री ज्ञानेश्वर बैद्य:** क्षेत्रीय प्रहरी ईकाई कार्यालय धौलागिरीमा कार्यरत प्रहरी निरीक्षक श्री ज्ञानेश्वर बैद्यले २०४८ माघ १ गते बाग्लुङ, कुश्मिसेराको ज्यामिरेघाटमा लाग्ने माघे संक्रान्ति मेलामा ड्युटीमा कार्यरत भएका बखत केही असामाजिक तत्वको सांघातिक प्रहारबाट वीरगति प्राप्त गर्नु भएको ।

२. **प्रहरी सहायक निरीक्षक श्री कोपिल बहादुर भण्डारी :** ईलाका प्रहरी कार्यालय बेलटारी नवलपरासी दरबन्दीका प्रहरी सहायक निरीक्षक कोपिल बहादुर भण्डारीको २०४८ पौषमा लागू पदार्थ तस्करहरूसँगको मुठभेडमा मृत्यु भई वीरगति प्राप्त गर्नु भएको थियो।



*स्वर्गीय प्रहरी निरीक्षक श्री ज्ञानेश्वर वैद्य।*
*The late Police Inspector Gyaneswor Vaidya.*



*स्वर्गीय प्रहरी सहायक निरीक्षक श्री कोपिलबहादुर भण्डारी।*
*The late Police Assistant Sub-Inspector Kopil Bd. Bhandari*

# Police Officers Killed In The Line Of Duty

Dedication to service has always been the main hallmark of Nepal Police. For the police force, fulfilment of one's duty in a courageous and impartial way to maintain law and order, and control crime sometimes also means making the ultimate sacrifice. Meeting tragic death while battling the evil elements of society in the recent past were Inspector Gyaneswor Vaidhya and Assistant Sub Inspector Kopil Bahadur Bhandari. May the soul of these brave officers rest in eternal peace.

1. **Inspector Gyaneswor Vaidya**

   Inspector Vaidya was fatally attacked by some anti-social elements while performing his duty during Maghe Sankrati fair in Jyamireghat, Kushmishera, in Baglung district, on Magh 1, 2048. He was with the Regional Police Unit Office, Dhaulagiri Zone.

2. **Assistant Sub-Inspector Kopil Bahadur Bhandari**

   ASI Bhandari, on duty with Ilaka Police Office, Beltari (Nawa-lparasi), had to sacrifice his life in an encounter with drug traffickers in Poush 2048.



# स्मृति

२०३२ सालमा प्रहरी निरीक्षक पदमा नेपाल प्रहरीमा प्रवेश गरी गोर्खा दक्षिणवाहु चौथा सहित विभिन्न मान पदवीले विभूषित हाल सदर ट्राफिक प्रहरी कार्यालय रामशाहपथमा कार्यरत प्रहरी उपरीक्षक श्री रूपकराज शर्मा पाकिस्तानको लाहोरमा आयोजना भएको १२ औं एसीयन क्लब च्याम्पियनशीप १९९२ मा फिफा रेफ्रिको रूपमा जानुभई स्वदेश फर्कनु हुँदा पाकिस्तान इन्टरनेशनल एयरलाइन्सको उडान नं. पी.के. २६८ को करांचीबाट काठमाडौंको लागि उडेको एयर वस ३०० यहि २०४९ साल आश्विन १२ गते ललितपुर जिल्लाको भट्टे डांडा गाउँ विकास समिति वडा नं. ३ मौरे सातकन्यामा दुर्घटनाग्रस्त भई उहाँको दुखद निधन भयो।

प्रहरीको विभिन्न निकायमारही उत्कृष्ट कार्य गर्दै आउनु भएका श्री शर्मा सदर ट्राफिक प्रहरी कार्यालय मा कार्यलय प्रमुखको रूपमा कार्यरत रहदा ट्राफिक व्यवस्थापनको क्षेत्रमा महत्वपूर्ण योगदान पु-याउनु भएको थियो।

नेपालको फुटवल खेल विकाशको निमित समेत श्री शर्माको विशिष्ठ योगदान रहको छ। ब्वाइज यूनियन क्लबको कप्तान, श्री महेन्द्र पुलिस क्लब टीमका कप्तान, फिफा रेफ्रि रहनुको अतिरिक्ति अन्तराष्ट्रिय फूटबल प्रतियोगितामा नेपालको राष्ट्रिय टिमको अनवरत ९ वर्ष कुशल नेतृत्व निर्वाह गर्नु भएका श्री शर्माले २०३७ सालमा सर्वोत्तम फूटबल खेलाडिको पदवी हासील गर्नु भएको थियो।

यसरी बहुमुखी प्रतिभाशाली, लाखौ खेल प्रेमिहरूको मन जित्न सफल हुनुभएका अतिमिलनसार व्यक्तित्व कर्मठ, कर्तव्यपरायण प्रहरी अधिकृत गुमाउनु पर्दा प्रहरी विभागको मात्र नभई राष्ट्रकै एउटा अतुलनीय क्षती हुन पुगेको छ।

# In Memorium

Superintendent of Police Rupak Raj Sharma met with a sad and untimely death in the Pakistan International Airlines Airbus 300 crash (Flight No. P.K. 268) at Ward No. 3 Maure Satkanya of Bhatte Danda Village Development Committee in Lalitpur district on September 28, 1992. All the 167 passengers and crew members of the aircraft bound for Kathmandu from karachi in Pakistan died in the kingdom's worst air disaster.

S.P. Sharma was returning from Pakistani city of Lahore where he had gone as a FIFA referee in connection with the 12 Asian Club Championship 1992.

He was decorated with different medals, including Gorkha Dakshin Bahu IV, and honours, and was serving as the head of the Central Traffic Office, making valuable contributions to maintaining traffic control. He joined the Nepal Police as an Inspector of Police in 2032 B.S. and, over the years, rendered his duties and responsibilities with distinction.

The late Sharma made significant contributions to the development of sports, including football, in Nepal. Apart from Boys Union Club and Shree Panch Mahendra Club teams, he skippered the country's national team at various international competitions without any interruption for nine years, demonstrating a competent leadership. He was declared the "Best Player of the Year (2037 B.S.) and joined the FIFA panel of referees as one more feather in his distinguished cap.

A versatile personality that he was, the late Sharma won the admiration of numerous sports fans, in addition to earning reputation as a very friendly person who was an able and dedicated police officer whose untimely death has been an irreparable loss for not only the Police Department but the entire country.

# बरिष्ठ प्रहरी अधिकृत सम्मेलन २०४८

प्रहरी कार्यको समिक्षा, कार्यदक्षता बृद्धि गर्ने उपाय र संगठनात्मक स्वरूप सुदृढ गर्न अवलम्बन गराउनु पर्ने सिद्वान्त एवं नीति तर्जुमा हेतु सबैको सकारात्मक सुभाव संकलन गर्ने अभिप्रायले आयोजना गरिने वार्षिक अधिराज्यव्यापी "वरिष्ठ प्रहरी अधिकृत सम्मेलन २०४८" प्रहरी प्रधान कायार्लयमा २०४८ साल फाल्गुण ५ गते देखि ८ गते सम्म सम्पन्न भयो।

सम्माननीय प्रधानमन्त्रीज्यूबाट उद्घाटित उक्त सम्मेलनमा अधिराज्यभरिका २५ जना वरिष्ठ प्रहरी अधिकृतहरूको साथै उपत्यका भित्रका विभिन्न प्रहरी ईकाईहरूबाट २० जना पर्यवेक्षक समेत गरी जम्मा ४५ जना अधिकृतहरूको सहभागिता रहेको थियो।

यस पटकको सम्मेलनले सम्मेलन अवधिमा नेपाल प्रहरीको संगठानात्मक स्वरूप र यसमा आवश्यक सुधार, मुलुकको शान्ति सुरक्षाको स्थितिको मूल्यांकन उपर व्यापक छलफल गरेको थियो। यी मुख्य दुई विषयका अतिरिक्त अन्य विविध बुँदाहरू माथि छलफल र निष्कर्षहरू पनि सम्मेलनका उपलब्धिहरू थिए।



प्रहरी महानिरीक्षकज्यूबाट संबोधन
*Address by the Inspector General of Police.*




सम्मेलन सम्बन्धि छलफल
*Discussions at the meeting.*



सम्माननीय प्रधानमन्त्री गिरीजा प्रसाद कोइरालाज्यूबाट वरिष्ठ प्रहरी अधिकृत सम्मेलन २०४८ लाई संबोधन गर्नुहुँदै।
*Rt. Hon'ble Prime Minister Girija Prasad Koirala addressing the Senior Police Officers' Meeting-2048.*

## Senior Police Officers' Meeting-2048

The yearly exercise of bringing together senior police officers posted across the country was held from Falgun 5 to 8, 2048 B.S.

Held as a gathering which would throw up suggestions on a range of issues, the annual event had the objective of formulating policies and programmes to boost police efficiency

and strengthen organizational structure on the basis of a review of the past and the suggestion from the men in the field.

The meeting, inaugurated by Rt. Hon'ble Prime Minister Girija Prasad Koirala, saw the participation of twenty-five senior police officers from different parts of the country, along with twenty observers from different police units in the Kathmandu Valley.

The four-day gathering debated reforms for improving the organizational shape and evaluated the law and order situation in the country. Apart from these two major items, the meet had other relevant issues in its agenda.



सम्मेलन सम्बन्धि छलफल
*Discussions at the meeting.*


*All the best wishes and greetings to Her Majesty the Queen on Her Majesty's 44th Auspicious Birthday.*

**Mustang Development Service Association**

***Japan Office***

1-17-22 Hirao Inagi - Shi, Tokyo - Japan, Tel: 0423-31-1185

***Nepal Office Centre***

Ward No. 5, Jomsom, Mustang

**Branch Office:** Patan, Tel: 525002

# ईन्टरपोल सेमिनार

मानव अधिकारको घोषणालाई ध्यानमा राखी आन्तरिक ऐन कानूनको अधीनमा रही अपराधको रोकथाम, अपराधिको सनाखत एवम् सुपुर्दगी गर्न एउटा अन्तर्राष्ट्रिय प्रहरी संगठनको महशुस गरी स्थापित यस अन्तर्राष्ट्रिय अपराध प्रहरी संगठन (ईन्टरपोल) को ६० औं महा-सभा उरूग्वेको राजधानी मेन्टेभिमा २०४८ साल कार्तिक १८ गते देखि २२ गतेसम्म सम्पन्न भएको थियो।

नेपालको तर्फबाट उक्त महा-सभामा भागलिन गएको प्रतिनिधि मण्डलमा निम्नलिखित प्रहरी अधिकृतहरू हुनुहुन्थ्यो।

प्रहरी महानिरीक्षक श्री रत्न शम्सेर ज.ब.रा. -*प्रतिनिधि मण्डल नेता*

प्रहरी नायव महानिरीक्षक श्री रूद्रबहादुर पाण्डे -*प्रतिनिधि*

सो महा-सभामा लागू औषधी ओसार-पोसार सम्बन्धी अपराध, अन्तर्राष्ट्रिय आर्थिक अपराध, अन्तराष्ट्रिय आतंकवाद, जालसाजी, खोटामुद्रा नियन्त्रण कम्प्युटर र संचार व्यवस्था जस्ता बिषयहरूमा छलफल भएको थियो।



*इन्टरपोलको मुख्य कार्यलय, लिअन*
*Interpol Head Office, Lyon*

# Interpol Seminar

The Sixtieth General Assembly meeting of Interpol was held in Montevideo, the capital of Uruguay, from Kartik 18 to 22, 2048 B.S. This organization was formed out of the need to have an international pool of police forces from different countries to combat crime and to identify and extradite criminals even while remaining within the parameters of domestic laws of the individual countries.

Representing Nepal in the five-day gathering of top police officials were Chief of Police Ratna Shumsher J. B. R. and Deputy Chief of Police Rudra Bahadur Pandey.

In a wide-ranging discussion at the meet, the participating police officials touched on issues of, among others, drug trafficking, international economic crimes and terrorism, fraud and counterfeit currency. The participants also deliberated upon the topics of computer and communication media as to their important role in crime-busting.


*Hearty Felicitations to*
*Her Majesty the Queen on*
*Her Majesty's 44th Birthday*

**Yeti Travels Pvt. Ltd.**

Durbar Marg, Kathmandu, Tel: 221234, 221754
Tlx: 2204 YETI NP 2648 YETI NP 2303 AMXREP NP Cable: Yeti

# न्यूनतम वल प्रयोगको सन्दर्भमा दंगा नियन्त्रण प्रहरी

मुलुक भित्र हुने आन्तरिक उपद्रव र उग्र हिंसात्मक कृयाकलापलाई कम से कम वलको प्रयोगले नियन्त्रण गर्न, कुशल प्रहरी जनशक्तिको संगठित आवश्यकतालाई महशुश गरेर नेपाल प्रहरी संगठन भित्र दंगा नियन्त्रण प्रहरी इकाईको सिर्जना गरिएको छ र यसै क्रममा २०४८ सालमा काठमाडौंमा दंगा नियन्त्रण प्रहरी गणको स्थापना भएको छ।

समाजमा उत्पन्न हुने हुलदंगा, उग्र उच्छृंखल एवं हिंसात्मक गतिविधि र अव्यवस्थाका स्थितिहरूको प्रभावकारी नियन्त्रणका लागि परीचालन गरिने दंगा नियन्त्रण प्रहरीलाई विशेष रूपले प्रशिक्षित गरिएको छ र हातहतियार तथा साधनहरू युक्त बनाईएको छ।

दंगा नियन्त्रण प्रहरीको आवश्यकतालाई दृष्टिगत गरेर अन्य क्षेत्रहरूमा समेत दंगा नियन्त्रण प्रहरी इकाईहरू क्रमशः स्थापना गर्दै जाने योजना पनि रहेको छ।

# Riot Control Police: Use Of Minimum Force

A Riot Control police unit has been created as a separate force in the Nepal Police organisation. This was necessitated by the fact that a special police contingent, well-trained in riot control speciality, would be able to control different cases of unrest and violence, if and when they erupt. A Riot Control Police unit was formed in Kathmandu in 2048.

In order to enable the group to effectively control unruly crowds, riots and mob violence, the members of the force are given special training and are equipped with necessary arms and other gear.

Keeping in mind their importance, Nepal Police plans to create more such squads in different regions.







*दंगा नियन्त्रणको शिलसिलामा न्युनतम बलको प्रयोग सन्दर्भमा साधन सहितको दंगा नियन्त्रण प्रहरी - एक अभ्यास*
*A drill by the riot control police in the context of using minimum force in riot control.*

# तालीम





# Training

# बर्तमान परिप्रेक्षमा नेपाल प्रहरीमा तालिम व्यवस्था

समयको गति संग संगै सक्षम एंव दक्ष रहनु पर्ने प्रहरीको शिप, कौशल र दक्षता बृद्धि गराउने हेतु प्रहरी संगठनमा बिभिन्न आन्तरिक तथा बैदेशिक तालिमहरू संचालन गरिन्छ। प्रहरी शक्तिलाई सक्षम तुल्याउन पर्ने आवश्यकता महशुस गरी सर्वप्रथम बि.स. २०११ सालमा ललितपुरको श्री महलमा नेपाल पुलिस तालिम केन्द्र स्थापना गरी ३५ जना प्रशिक्षार्थीहरूलाई ९ महिने तालिम संचालन गरिएको थियो भने पहिलो प्रहरी आधारभूत तालिम बि.स. २०१९ साल जेष्ठ १ गते सदर प्रहरी तालिम केन्द्र महाराजगंजमा संचालन भएको थियो।

यसै गरी २०३३ सालमा धरान र नेपालगंजमा, २०३१ सालमा बुटवल र काठमाडौंमा र २०३९ सालमा दिपायलमा गरी ५ बिकास क्षेत्रमा क्षेत्रीय प्रहरी तालिम केन्द्र र २०४५ सालमा नुवाकोट जिल्लाको ककनीमा शसस्त्र प्रहरी तालिम केन्द्रको स्थापना भयो। सदर प्रहरी तालिम केन्द्रमा अधिकृत स्तरको आधारभूत र उन्नत तालिम प्रदान गरिन्छ भने क्षेत्रीय तालिम केन्द्रहरूमा जुनियर अधिकृत, हवल्दार तथा जवानहरूलाई आधारभूत तथा बिभिन्न पेशागत तालिम दिइने व्यवस्था छ।

यसै अनुरूप आ.व. २०४८।४९ को अवधिमा सदै तालिम केन्द्रहरूमा संचालित बिभिन्न ३४ वटा तालिममा प्रहरी अधिकृत तथा जवानहरू समेत जम्मा ८४५० जनालाई तालिमा दिइएको थियो।

बिकासको साथ साथै अपराधको प्रकृति र अपराध कार्यविधिमा आएको जटिलतासंग मुकाविला गर्न वैदेशिक तालिमको पनि उतिकै महत्वपूर्ण भूमिका रहि आएको छ। कोलम्बो प्लान, डब्लू.एच.ओ. (WHO) जाईका (JICA) ईन्टरपोल, सार्क जस्ता संगठन तथा अन्तर्राष्ट्रिय मित्रराष्ट्रहरूबाट समेत नेपाल प्रहरीका अधिकृतहरूलाई प्रशिक्षित गराउने अवसर प्राप्त हुने गरेको छ। यसका साथै नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, राजस्व प्रशासन तालिम केन्द्र जस्ता निकायहरूबाट सहयोग लिई नेपाल प्रहरीले आफ्नो प्रहरी अधिकृत तथा जवानहरूलाई प्रशिक्षण दिने कार्य गरि आएको छ।











*तालिमका क्षणहरू*
*Glimpses of the training.*





# Police Training In the Changed Context



Nepal Police's training component offers vast opportunities to the police force at different levels to sharpen their skills and thereby enhance their performance. Members of the force undergo different kinds of training ,mostly within the country, but sometimes abroad too.

The necessity of imparting training to the police force was realized as far back as 2011 B.S. when Nepal Police Training Centre was established in Shree Mahal, Lalitpur. Some 35 trainees took part then in a nine-month-long training. But the first Police Basic Training was organized in 2019 B.S.

Regional training centres were the next step for institutionalizing the training component of Nepal Police. Accordingly, 2031 B.S. witnessed the birth of Regional Training Centres in Kathmandu and Butwal while two years later in 2033 B.S. Dharan and Nepalganj set up similar centres. With Dipayal too having such a centre in 2039 B.S., the task of equipping each development region with a regional training centre was complete.

Likewise, an Armed Police Training Centre was established in Kakani, Nuwakot, in 2045 B.S. The training centres have their roles well-delineated. The Central Police Training Centre runs basic and advanced trainings for officer-level



विभिन्न क्षेत्रीय प्रहरी तालीमकेन्द्रहरूमा सञ्चालित प्रहरी जवान आधारभुत तालीमका सर्वोत्कृष्ट प्रशिक्षार्थिहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण

*Distribution of prizes and certificates to the trainees achieving best results in the Basic Training for Constables.*

members of the police force whereas the regional centres take in junior officers, head constables and constables for training in basics and other related fields.

A total of 8,450 senior and junior police officers underwent different trainings in 34 batches held in the centres across the country during 2048/49.

The need for high-level training outside the country is also great in view of the nature of the crime and the complexities being recorded. International agencies and bodies like Colombo Plan, WHO, JICA, Interpol and SAARC, as well as other friendly countries have been providing different training opportunities for Nepal Police officers. Police personnel are also provided trainings conducted in association with other agencies like Nepal Administrative Staff College and Revenue Administration Training Centre.



*क्यानाडामा सञ्चालित लागू औषध सम्बन्धि तालीममा प्रहरी अधिकृतको सहभागीता*
*Nepalese police officers at the Drug Control Training held in Canada.*



*एन.सि.बी. सेमिनार तालिममा सहभागी अधिकृतलाई आई.सि.पी. ओ. का सेक्रेटरी जनरलद्वारा प्रमाणपत्र प्रदान*
*ICPO Secretary General distributing certificates to the participants of the NCB seminar training.*



*श्रव्य दृष्य तालिमका केही क्षण*
*Glimpses of Audio-Visual Training.*



## श्रव्यदृश्य तथा फोटोग्राफी तालिम

नेपाल प्रहरीको बहुआयमिक कृयाकलापलाई जनसमक्ष पु-याई सुरक्षाका उपायहरूलाई ज्ञानवर्धक तथा मनोरन्जनात्मक रूपमा प्रस्तुत गरी जनतालाई सचेत बनाउने उद्देश्य लिई प्रहरी कार्यालयमा २०४६ साल जेष्ठ १३ गते श्रव्यदृश्य शाखाकोस्थापना भएको हो।

सीमित श्रोत र साधनको बावजुद पनि दक्ष कर्मचारीको उत्पादन गर्ने विभागीय लक्ष अनुरूप यही २०४८।१२।११ देखि २०४९।३।१५ गते सम्म अधिराज्यको विभिन्न प्रहरी कार्यालयहरूबाट प्रतिनिधित्व हुने गरी श्रव्यदृश्य फोटोग्राफी तालिमको संचालन गरियो। यस तालीममा प्र.ना.नि. २ प्र.स.नि. १५, प्र.ह. १ र प्र.ज. ११ गरी जम्मा २९ जनाको सहभागिता रहेको थियो।

## Audio-Visual And Photography Training

Nepal Police has continued its efforts to have in its staff trained manpower in the field of audio-visual and photography media. The Audio-Visual Section was set up at Police Headquarters on Jestha 13, 2046, with the objective of presenting to the public meaningful messages, packaged in educative and entertaining format, to create public awareness. Reaching the police's multi-sided work to the general public and thus enabling the latter to be acquainted with crime situations is the chief concern of the Section.

Despite paucity of fund and other resource constraints, an audio-visual and photography training was conducted from Chaitra 11, 2048, to Asadh 15, 2049. The trainees for the three-month-long training were drawn from different police offices all over the country. The 29 trainees who learned and polished the related skills during the training in Kathmandu included two Sub-Inspectors, 15 Assistant Sub-Inspectors, one Head Constable and 11 Constables.

# अपराध नियन्त्रण



# Crime Control

# लागू औषध



३८२ के.जी चरेस पक्राउ
*Seizure of 382 kg of hashish.*

विश्वमा नै लागू पदार्थको समस्या भयावह संत्रासपूर्ण एंव चुनौतीको रूपमा उभिन पुगेको छ। यो समस्या प्रति संसारका सबै राष्ट्रहरू संवेदनशील र सचेत भई नियन्त्रण गर्ने तर्फ अग्रसर हुनु पर्ने देखिन्छ। यसै सन्दर्भमा नेपाल प्रहरीले आफ्नो सीमित श्रोत साधनको अलावा नियन्त्रण तर्फ विभिन्न पाईलाहरू चाल्दै आएको छ।

लागू औषधको ओसार-पसार, बिक्री वितरण र दुर्व्यसनी आदि जस्ता सम्पूर्ण कार्यहरू लागू औषध नियन्त्रण ऐन २०३३ अनुसार गैरकानुनी भएकोले उल्लेखित कार्य गर्नेहरू उपर प्रहरीले अदालतमा मुद्दा दायर गरी दण्ड सजाय दिलाउने गरेको छ। गत आर्थिकवर्ष २०४७।२०४८ मा ४४३ व्यक्तिहरूलाई प्रहरीले पक्राउ गरी कारवाही चलाएको थियो। जसमध्ये ६५ जना विदेशी रहेका छन् भने आ.ब. २०४८-०४९ मा प्रहरीले ६०७ जना यस्ता अबैध कार्यमा संलग्न व्यक्तिलाई पक्राउ गरी अदालत समक्ष प्रस्तुत ग-यो। जसमा विदेशीहरूको संख्या गत बर्ष भन्दा झण्डै ४५ प्रतिशत बृद्धि हुन गई ११३ पुगेकोछ।

नेपाललाई लागू पदार्थ प्रयोग वा संचय गर्ने दृष्टिले महत्वपूर्ण राष्ट्र मानिदैन किनकि यहाँ आज सम्म यस्ता पदार्थ निमार्ण वा प्रशोधन गर्ने कुनै कारखाना फेला पर्न नसकेको मात्र नभई कुनै ठूलो मात्रामा हिरोईन, कोकिन आदि जस्ता कड़ा लागू औषध (Hard Drugs) फेला समेत पर्न सकेको छैन। तर लागू औषधको अबैध उत्पादन तथा पैठारी हुने विश्व प्रसिद्व Golden Triangle र Golden Crescent को देशसंग नजिक तथा भारतसंगको खुल्ला सीमा र अन्तर्राष्ट्रिय सम्पर्क सुविधा र पर्यटन बिकास जस्ता प्रमुख कारणले लागू पदार्थ ओसार-पसार गर्ने एउटा Transit Point को रूपमा पहिचान हुन पुगेकोछ।

नेपाल प्रहरीले पनि यस विश्वव्यापी समस्याको निराकरणको लागि यस अपराधसंग सम्बन्धित अभियुक्तलाई कारवाही गर्नुका अतिरिक्त जनचेतना जगाउन नेपाल टेलिभिजन (प्रहरी अनुरोध) र त्यस्तै रेडियो नेपाल (प्रहरी कार्यक्रम) जस्ता संचार माध्यमहरूबाट समेत समय-समयमा कार्यक्रमहरू प्रसारण गर्ने गरेको छ भने अर्को तिर यस कार्यमा संलग्न गैरसरकारी संघ संस्थाहरूसंग संयुक्त रूपमा विभिन्न कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने र साथै दुर्व्यसनीलाई उपलब्ध गराउने पुनर्स्थापना सेवा (Rehabilitation) मा समेत सघाउ पु-याउने गर्दछ।

लागू औषधको अबैध प्रवेशलाई नियन्त्रण गर्न नेपाल प्रहरीले सीमावर्ति क्षेत्रका अंचलहरूमा लागू औषध नियन्त्रण समूह (Squad) गठन गरेको छ।

यस्तै प्रकारले भारतसंग खुल्ला रूपमा सिमाना जोडिएका तराईका जिल्लाहरूमा अबैध रूपमा गरिने गांजा तथा अफिमको खेतीहरू समेत प्रहरीले नष्ट गर्ने तथा त्यस्ता ब्यक्तिहरू उपर कारबाही पनि गर्ने गरेको छ। गत आ.ब. २०४८-४९ मा अबैध रूपमा गरिएको २२९४ बिघा १२ कठ्ठा ६ धुर गांजा खेती र ९२ बिघा ८ कठ्ठा १५ धुर जग्गा अफिम खेती नष्ट पारेको थियो भने यो बर्षमा पनि उक्त कार्यको थालनी तदारूकताका साथ सुरू भई सकेको छ।

लागू औषधको कारोवार एउटा अन्तर्राष्ट्रिय गिरोहद्वारा संगठित ढंगबाठ संचालन गरिने अपराध हो। यस्को नियन्त्रण कार्य प्रहरीबाटै हुँदै आइरहेको मा बिकशित राष्ट्रहरूमा झै प्रहरीलाई नियन्त्रण कार्यमा सघाउ पु-याउन र अन्तराष्ट्रिय संगठनहरूसंग समन्वय कायम गर्नेउद्देश्य अनुसार नेपालमा पनि यस्तै प्रकारको एउटा छुटै संगठनको तर्जुमा हाले मात्र भएको छ।

संयुक्त राष्ट्रसंघ लागू औषध नियन्त्रण योजना (United Nations Drugs Control Programme) र नेपाल बीच भएको संझौता अनुरूप गृह मन्त्रालय लागू औषध महा-शाखा अन्तर्गत गृह मन्त्रालयको अतिरिक्त सचिवको नेतृत्वमा नेपाल प्रहरी, अध्यागमन बिभाग, भंसार बिभाग र महान्यायधिवक्ताको कार्यालय समेतको प्रतिनिधि रहेको उक्त नयाँ ईकाईको नाम लागू औषध नियन्त्रण कानून कार्यान्वयन ईकाई' रहेको छ।

मुख्य रूपमा यस ईकाईको २ वटा उद्देश्य रहेको छ। प्रथम, दुर्व्यसनीहरूको संख्यामा कमी ल्याउने र दोश्रो, अबैध लागू औषध सम्बन्धी सम्पूर्ण क्रियापलाप माथि नियन्त्रण गर्ने।

नेपालमा अर्न्तराष्ट्रिय स्तरबाट हुने गरेको लागू औषध सम्बन्धी अपराध समेत नियन्त्रण गर्ने उद्देश्यले भर्खरै कार्यान्वयनको गठन गरिएको यो नवोदित संस्थाले आफ्नो उदेश्य प्रथम ६ महिना भित्रै ७८३.२० के.जी. चरेश पक्राउ गरीसकेको छ भने नेपालकै ईतिहासमा सबै भन्दा बढी (३८२ किलो एकै पटक) परिमाणमा पक्राउ गर्ने श्रेय पनि यसैले पाएको छ। यस्तै प्रकारले हिरोइन तर्फ हेर्दा यसै अवधिमा यो ईकाईले १३.८५ किलो हिरोईन समात्न सफल भएको छ भने अन्तर्राष्ट्रिय लागू औषध ओसार-पसारमा सक्रिय देश जस्तै नाईजेरिया, बैकक, जर्मनी, लिविया आदि देशका नागरिकहरूले नेपालमा ल्याई बिदेश पठाउन लागेका अबैध पदार्थहरूलाई पक्राउ गर्न समेत सफल भएको छ।

## Anti-Drug Operations

The menace of drug-trafficking has become deadly world-wide. Nepal too has not remained unaffected by the fantacies of drug trafficking and its abuse. Realizing the need to contain the problem, Nepal Police has been taking a number of steps within its resources

Police actions against the trafficking, distribution and abuse of drugs are carried out under the Drugs Control Act 2033. The culprits are produced before the court for necessary action. During 2047/48 some 434 individuals were arrested in this connection and cases were registered against them. Of the arrested, 65 were foreigners. Likewise, cases were registered against 607 persons on different counts of drug-related crimes during 2048/49. The number foreigners involved stood at 113, a hike of almost 45 per cent over the previous year.

In the international drug trade, Nepal is not considered an important source because of the fact that no drug processing plant has been found here. Nor has there been recorded a big haul of hard drugs like heroin and cocaine. However, owing to different factors like proximity with the notorious drug sources like the Golden Triangle and the Golden Crescent, open border with India, increasing international contacts and tourism industry, Nepal has come to be known as the transit point for the criminals in the illegal trade.

Apart from taking action against such nefarious elements, Nepal Police's efforts to this end also encompass airing appropriate radio and TV programmes through Radio Nepal and Nepal Television for increasing awareness in the public about this cancerous activity. Teaming up with non-governmental organizat-ions in launching different progra-mmes, including rehabilitation programmes, for drug addicts is also one of it priorities. As a special measure, Nepal Police has formed drug control squads who operate along the border areas to check the inflow of drugs into the country.

Yet another step to combat the drug trade is destroying the hemp and opium crops illegally cultivated in the Terai districts adjoining India. Besides the action on the fields, police pursue the matter against the cultivators. In 2048/49 hemp crops in 2,294 bigha 12 kattha 6 dhur and opium plants in 62 bigha 8 kattha 15 dhur were destroyed. This year, too, the police is already in action to eradicate such crops.

It is well-known that the drug trade is mostly run by international crime syndicates. Realizing such organized crime networks behind the trade, Nepal too has created a separate cell, as is the practice in developed countries, with the objective of assisting the police and coordinating with international law-enforcers.

The unit, named **Drug Law Enforcement Unit,** was formed following an agreement between the United Nations Drugs Control Programme and Nepal. As a cell under the Drugs Division at the Home Ministry, the unit is led by the Additional Secretary and has representatives from Immigration Department, Customs Department and the Office of Attorney General.

Chiefly, the cell has twin objectives: firstly, to bring about a decline in the number of drug addicts; and, secondly, to control all the aspects of this deadly business.

This newly-formed cell has already notched up a commendable success. Within six months of its inception, it has seized 783.2 kgs of hashish. This amount also includes the record single largest seizure of 382 kgs. During the half year, it also seized 13.85 kg of heroin. Drug traffickers from countries like Nigeria, Thailand, Germany and Libya were also nabbed red-handed through the efforts of this cell while they were trying to move the contraband through the country.

# अपराधको स्थिति

| | खुनडांका | खुन | ज्यानमार्ने उद्योग | जबरजस्ती करणी | डाँका | ज्यूमास्ने बेच्ने | लागू औषधी |
|---|---|---|---|---|---|---|---|
| २०४७।४८ | ३१ | ४८० | २८३ | १११ | १८३ | १३७ | २१८ |
| २०४८।४९ | १८ | ४९२ | २९१ | १३८ | १६९ | ११७ | ३१७ |

समाज र कानूनको बर्खिलाप गर्ने कामहरूलाई नै अपराध भनिन्छ। सामाजिक परम्परा र मान्यतामा बाँधिएको मानव व्यवहार एवम् समाजमा आउने नकारात्मक परिवर्तन सबैका लागि अप्रिय हुन्छ। नैसर्गिक जीवन बिताईस्वच्छतापूर्बक जीवनयापन गर्न चाहने सज्जनहरूलाई दुर्जनले सताउन नपाउन् भन्ने उद्देश्यले कानूनको तर्जुमा गरी शान्ति सुरक्षा कायम राख्न राज्यमा प्रहरीको व्यवस्था गरिन्छ। सरकारबाट अपराध नियन्त्रण गर्न यस्ता विभिन्न उपायहरू अवलम्बन गर्दा गर्दै पनि व्यक्तिहरू मानसिक विकृति, संगत, अन्ध बिश्वास, लापरवाही, गरीवी, विलासिता , प्रतिस्पर्धा जस्ता तत्वद्वारा प्रभावित भई अपराध गर्ने गर्दछन्। आ.व. २०४७।४८ मा नेपाल अधिराज्यभर ६९२२ मुद्दा प्रहरी समक्ष दर्ता भएको थियो भने २०४८।४९ मा उक्त मुद्दा संख्या १७.५४५ ले बृद्धि भई ८१३६पुगेकोछ।

बिभिन्न जिल्लाबाट प्राप्त विवरण अनुसार जघन्य ठहरिने निम्नलिखित शिर्षकहरूमा निम्न मुद्दाहरू दर्ता भएको पाईन्छ।

# Crime Situation

| | Dacoity Murder | Murder | Attempted Murder | Rape | Dacoity | Flesh-trading | Drug Trafficking |
|---|---|---|---|---|---|---|---|
| 047/48 | 31 | 480 | 283 | 111 | 183 | 137 | 218 |
| 048/49 | 18 | 492 | 291 | 138 | 169 | 117 | 317 |

Every society is bedevilled by crimes of different nature in a more or less degree. Criminal behaviour of some makes the life of others difficult. Protecting the interests of the good members of society from the conduct of the criminal-minded is where the role of a policeman comes in. But ridding the society of crimes totally is a lot easier said than done. Despite the best efforts on the part of the government, crimes can not be completely prevented. Superstition, perversions, carelessness, poverty, rivalry and other factors all are potential source of crimes. As in most countries of the world, the overall crime rate has shown an upward trend in Nepal too. Some 8136 police cases were registered during 2048/49, a 17.54 per cent hike over the previous year when only 6922 cases came to the police notice.

According to the data available from different districts, the following number of cases in their respective category was registered during the last year.

श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देबी शाह सरकारको ४४ औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा
मौसूफ सरकारको सुख, स्वास्थ्य एवं समृद्धिको लागि
सभक्ति मंगलमय शुभकामना चढाउंछौं।

गा.वि.स. को कार्यालय
सिर्सिहवा, कपिलवस्तु

# 'डांका अपरेशन'

शान्ति सुरक्षाको गहनतम दायित्वलाई अग्र पंक्तिमा रही निर्वाह गर्नु पर्ने प्रहरीको जिम्मेवारी आफैमा अत्यन्त संवेदनशील एंव चुनौतिपूर्ण त छँदैछ, यसको अतिरिक्त नेपालको तराई क्षेत्रमा अवस्थित प्रहरी इकाईहरूमा कार्यरत प्रहरीहरू माथि डांकाहरूसंग मुकाविला गरी जन-धनको सुरक्षा गर्नु पर्ने जोखिमपूर्ण अभिभारा समेत रही आएकोछ।

केही बर्ष अघिदेखि डकैती, हत्या अपहरण जस्ता जघन्य अपराध गर्दै नेपाल तथा भारतका सीमावर्ती क्षेत्रहरूमा जनताहरूलाई आतंकित तुल्याई आएको कुख्यात डांका शक्ति सिंह गिरोहलाई जिल्ला प्रहरी कार्यालय, बाराको 'अपरेशन टुकडीले' एक मुठभेडमा निर्मूल पारेको, साथै जिल्ला प्रहरी कार्यालय, रौतहटबाट खटिएका प्रहरी टोलीले यस्तै एक मुठभेडमा कुख्यात डांका सीताराम नुनिया र किशोरी कहारको गुटलाई निर्मूल पारी त्यस भेगका जनताहरूलाई आतंकको वातावरणबाट मुक्ति प्रदान गरेको छ। प्रहरीको यस्तो साहसपूर्ण कार्यले एकातिर जनस्तर बाटै स्यावासी पाएको छ भने अर्कोतिर नेपाल प्रहरीको कार्य सक्षमतालाई फेरी पनि खरो रूपमा उतारेको छ।

# Anti-Dacoity Operations

It needs no reiteration that the general responsibility of maintaining law and order borne by police is already very sensitive and challenging. It becomes all the more so when their job also includes protecting lives and property from dacoits infesting the Terai belt. The police personnel who are posted in the Terai have to demonstrate an extra amount of courage and alertness to combat dacoity operations swiftly.

Among the anti-dacoity operations of Nepal Police in recent times, two cases stand out. An operation squad of Bara District Police Office eliminated the Shakti Singh gang of dacoits in an encounter. The notorious gang had been for the past few years terrorizing the border areas with cases of dacoity, murder and abduction. Similarly, Rautahat District Police Office also added a feather to its cap. The infamous dacoit gang of Sitaram Nuniya and Kishori Kahar were eliminated in an encounter. The people of the area were freed from the terror stalking in their midst.

Naturally, such bold examples of valour have earned Nepal Police well-deserved laurels. It is reflective of Nepali Police force's high-grade performance in carrying out its duties.


श्री ५ बडामहारानी सरकारको ४४ औं शुभजन्मोत्सवको पावन घडीमा मौसूफ सरकारका जुनाफमा सभक्तिपूर्ण चिरायु एवं सुस्वास्थ्यको मंगलमय शुभकामना टक्रयाउँछु।

वीरेन्द्र प्रसाद रजौरिया

उप-सभापति, जि.वि.स. कपिलवस्तु



नेपाल-भारत क्षेत्रीय कोअपरेशन मिटिङ्ग, फैजाबाद (भारत)
*Nepal-India Regional Cooperation Meeting, Faizabad, India.*

# अपराध नियन्त्रणमा अन्य देशका प्रहरीको सहयोग

सीमावर्ती ईलाकाको घटना तथा अपराधिक कृयाकलापहरू माथि नियन्त्रण गर्न नेपाल तथा छिमेकी देशका सीमावर्ती उच्च पदस्थ प्रहरी अधिकृतहरूको बिच " Boarder co- Operation Meeting" समय समयमा सम्पन्न गरिने गरिन्छ।

यस प्रकारको को-अपरेशन मिटिङमा सीमा क्षेत्रका अपराधीहरूको सूची आदान-प्रदान गर्ने, स्थानीय निर्वाचनको समयमा सुरक्षा व्यवस्था, तस्करी नियन्त्रण, चौपाया चोरी, लकडी चोरी तथा नियन्त्रण, अवैध लागू पदार्थ ओसार-पसार माथिको नियन्त्रण, सीमा अतिक्रमण, सीमा क्षेत्रमा हुने साम्प्रदायिक दंगा नियन्त्रणमा आपसी सहयोग, चेली बेच्ने अपराध नियन्त्रण जस्ता अन्य विविध विषयमा छलफल र बिचार विमर्श गरिने गरिएको छ।

सीमावर्ति ईलाकाका अतिरिक्त अन्तर्राष्ट्रिय अपराध नियन्त्रण तथा अनुसन्धानमा आपसी सहयोग र समझदारीको आधारमा सार्क राष्ट्रहरू तथा ईन्टरपोल जस्तो अन्तराष्ट्रिय अपराध प्रहरी संगठनद्वारा आयोजित सम्मेलन, महा-सभा तथा बैठकहरूमा भाग लिई अपराधको लेखाजोखा तथा विश्लेषण गरी यस्को नियन्त्रण गर्ने प्रयासमा नेपाल प्रहरीले आफ्नो सक्रिय भूमिका निर्वाह गर्दै आएको छ।



नेपाल-भारत क्षेत्रीय कोअपरेशन मिटिङ्ग, धरान।
*Nepal-India Regional Cooperation Meeting, Dharan.*



नेपाल-भारत क्षेत्रीय कोअपरेशन मिटिङ्ग वीरगञ्ज
*Nepal-India Regional Cooperation Meeting, Birgunj.*

# Cooperation Meeting

In order to control crimes along the border areas, high-level police officials from Nepal and the neighbouring country hold Border Cooperation Meeting from time to time.

At such brain-storming sessions, extensive discussions are held on an array of topics like security during election times, cattle theft, timber-smuggling, drug trafficking and border encroachment. Other subjects include cooperation in controlling communal riots in border areas and flesh-trade. An important spin-off of such meets is the exchange of lists of the criminals operating in the border areas.

Nepal Police officials also take part in Interpol and SAARC meetings where international crime control and investigation are discussed. Nepalese police. officers have been contributing their share of crime situation analysis at such meetings.

# समारोह





# Ceremony

# सुशोभन समारोह

**श्री ५ महाराजाधिराज सरकार**को शुभ-जन्मोत्सवको सुखद उपलक्ष्यमा विगत वर्षहरूमा झैं यस वर्ष पनि आफ्नो कार्यक्षेत्रमा उदाहरणीय योगदान गर्ने विभिन्न प्रहरी अधिकृत तथा जवानहरूलाई २०४८ साल चैत्र १४ गतेका दिन मौसूफ सरकारबाट नारायणहिटी राजदरबारमा आयोजित सुशोभन समारोहमा विभूषण, अलंकार तथा पदक, पुरस्कार एवम् प्रमाण-पत्रहरू प्रदान गरिबक्सियो।

विभूषण तथा पदक प्राप्त गर्ने प्रहरी कर्मचारीहरूको संख्या निम्नानुसार रहेको छ।

| | | |
|---|---|---|
| १. | सुविख्यात त्रिशक्ति पट्ट दोस्रो | १ |
| २. | सु-प्रवल गोरखा दक्षिण वाहु तेस्रो | ४ |
| ३. | प्रवल गोरखा दक्षिण वाहु चौथो | ८ |
| ४. | गोरखा दक्षिण वाहु पाँचौं | ३ |
| ५. | महेन्द्र रत्न भूषण | २ |

सोही दिन सम्माननीय प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइरालाज्यूबाट पनि इमान्दारी तथा बहादुरी पूर्वक कर्तव्य पालना गर्ने ९ जना प्रहरीहरूलाई विभूषण तथा पदक प्रदान गर्नु भयो।

| | | |
|---|---|---|
| १. | प्रहरी रत्न | ६ |
| २ | प्रहरी पराक्रम पदक | २ |
| ३. | गजेन्द्र मोक्ष | १ |

यसको साथै नव-वर्षको उपलक्ष्यमा प्रहरी महानिरीक्षक श्री रत्न शम्सेर ज.व.रा. बाट प्रहरी प्रधान कार्यालयमा आयोजित समारोहमा विभिन्न क्षेत्रहरूमा कार्यरत २७०६ जना प्रहरी अधिकृत तथा जवानहरूलाई सोही चैत्र १४ गतेका दिन विभिन्न पदकहरू प्रदान गर्नु भयो।

| | | |
|---|---|---|
| १. | दुर्गम सेवा पदक | २०९४ |
| २. | दीर्घ सेवा पदक | १३४ |
| ३. | प्रहरी सेवा पदक | ४७८ |



*श्री ५ महाराजाधिराज सरकारबाट प्रहरी महानिरीक्षकलाई त्रिशक्ती पट्ट दोस्रा द्वारा सुशोभित गरिबक्सदै।*

*His Majesty the King conferring the Trishaktipatta (Second) on the Inspector General of Police.*



*सम्माननीय प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाज्यू प्रहरी कर्मचारीलाई पदकद्वारा विभूषित गर्नुहुँदै।*

*Right Honourable Prime Minister Girija Prasad Koirala conferring medals on the police personnel.*

# Investiture Ceremony

His Majesty the King conferred decorations, medals, prizes and certificates on the police officers and constables who made exemplary contribution to their fields of work at an investiture function held at Narayanhity Royal Palace on 14 Chaitra, 2048. The ceremony, like in previous years, was part of the celebrations to mark the Auspicious Birthday of His Majesty the King.

Following are the members of the police force receiving decorations and medals:

| | | |
|---|---|---|
| 1. | Subikhyat Trishakti Patta (Second) | 1 |
| 2. | Suprabal Gorkha Dakshin Bahu (Third) | 4 |
| 3. | Prabal Gorkha Dakshin Bahu (Fourth) | 8 |
| 4. | Gorkha Dakshin Bahu (Fifth) | 3 |
| 5. | Mahendra Ratna Bhushan | 2 |

On the same day, Rt. Hon'ble Prime Minister Girija Prasad Koirala presented decorations and medals to nine police personnel performing their duties with honesty and courage.

| | | |
|---|---|---|
| 1. | Prahari Ratna | 6 |
| 2. | Prahari Parakram Padak | 2 |
| 3. | Gajendra Mokshya | 1 |

Similarly, on the occasion of the New Year, Inspector General of Police Ratna Shumsher J. B. R. presented various medals to 2706 police officers and constables at a function in Police Headquarters on 14 Chaitra.

| | | |
|---|---|---|
| 1. | Durgam Sewa Padak | 2094 |
| 2. | Dirgha Sewa Padak | 134 |
| 3. | Prahari Sewa Padak | 478 |



प्रहरी महानिरीक्षक सुशोभन समारोहमा संबोधन गर्नुहुँदै।
*The Inspector General of Police addressing the investiture function.*



प्रहरी महानिरीक्षकबाट प्रहरी वरिष्ठ अधिकृतलाई पदकद्वारा सुशोभित
*The Inspector General of Police conferring medals on senior police officers.*



प्रहरी महानिरीक्षकबाट प्रहरी कर्मचारीलाई पदकद्वारा सुशोभित
*The Inspector General of Police conferring medals on the police personnel.*

# किंग्स ब्याटन

श्री ५ महाराजाधिराज सरकारको बाहुलीबाट २०४८।४९ को अन्तर अंचल कार्यदक्षता प्रतियोगितामा अधिकतम अंक प्राप्त गरी सर्वप्रथम हुने क्षेत्रीय प्रहरी इकाई कार्यालय मेची लाई सम्मानित किंग्स ब्याटन प्रदान गरिबक्स्यो।

देशमा शान्ति, सुव्यवस्था तथा अमन चयनको गहनतम् जिम्मेवारी लिएको प्रहरी संगठनको आदर्श र उद्देश्यलाई सफलिभूत पार्ने त्यस्तै आफ्नो इलाकामा शान्ति सुरक्षाको व्यवस्था गर्ने र साथै अनुशासन, कुशल प्रशासन, अपराध नियन्त्रण तथा अनुसन्धान, राम्रो जनसम्पर्क र बिबिध बिषयको दुरूस्त अभिलेख राख्ने प्रकृया आदि जस्ता कुरालाई मुल्याकंनको आधार बनाएर प्रत्येक बर्ष अधिराज्यका चौधै क्षेत्रीय प्रहरी इकाई कार्यालयहरू बीच सकारात्मक प्रतिस्पर्धा गराई उत्कृष्ट ठहरिएको अंचललाई मौसूफ सरकारबाट किंग्स ब्याटन प्रदान गरिबक्सीन्छ।

यस प्रकारको व्यवस्था भएबाट कार्य दक्षतामा बृद्धि हुनुका साथै प्रहरीलाई सदैब देश,नरेश तथा जनताका सेवाको लागि सजग, सक्रिय र कटिबद्ध रहन प्रोत्साहन मिल्दछ। २०३९ सालदेखि किंग्स ब्याटन प्रदान गरिने परंपराको थालनी गरिएको हो।



श्री ५ महाराजाधिराज सरकारबाट २०४८ सालमा प्रहरी कार्य दक्षता प्रतियोगितामा विजयी मेची अञ्चल प्रहरी कार्यालय प्रमुखलाई किंग्स ब्याटन प्रदान गरिबक्सदै।
*His Majesty the King giving away the King's Baton to the Chief of the Mechi Zonal Police Office, the winners of the Police Work Efficiency Contest, 2048 B. S.*



किंग्स ब्याटन २०४८
*King's Baton 2048*

# King's Baton

His Majesty King Birendra Bir Bikram Shah Dev presented the King's Baton of 2048/49 B.S. to the Regional Police Unit Office, Mechi, for topping the Inter-Zonal Work Efficiency Competition with the highest marks.

The recipient of this annual Royal Honour is chosen on the basis of an all-encompassing evaluation of the fourteen regional police unit offices of the Kingdom. The criteria that pits the units against one another in a healthy and positive competition include: adherence to Nepal Police's lofty objective of maintaining law and order; keeping peace in one's area; discipline, efficient administration, crime control and research; public relations; and maintaining correct record of various activities.

The institution of such an exercise in awarding the deserving is expected to boost police force's efficiency and encourage them to ever remain active, vigilant and dedicated in the service of the nation, the Crown and the people. The practice of awarding the King's Baton was started in 2039 B.S

# शुभ-जन्मोत्सव समारोह

राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव हर्षोल्लासपूर्वक मनाउँन नेपाल प्रहरीले विशेष कार्यक्रमको आयोजना गर्ने गौरवमय परम्परा कायम गर्दै आएको छ।

सोही अनुरूप गत वर्ष पनि यस शुभ दिन पौष १४ गतेको बिहान प्रहरी अधिकृत तथा जबानहरूको एकटोलीले राजदरबार गई मौसूफ सरकारमा समक्ति मंगलमय शुभ-कामना अर्पण गरेको थियो र उक्त अवसरमा समस्त प्रहरी कर्मचारीका तर्फबाट प्रहरी महानिरीक्षकले मौसूफमा जन्मोत्सव उपहार चढाउनु भएको थियो।

यसै उपलक्ष्यमा नेपाल प्रहरीको तर्फबाट महेन्द्र पुलिसक्लबमा आयोजित संस्कृतिक कार्यक्रम एवं रात्री भोजको आयोजना गरियो। सम्माननिय प्रधान मन्त्री श्री गिरिजा प्रसाद कोइराला प्रमुख अतिरिक्त रहनु भएको उक्त रात्री भोजको कार्यक्रममा मन्त्रिगण, संबैधानिक अंगका प्रमुखहरू, बिदेशी कुटनैतिक बिभागका प्रमुखहरूका अतिरिक्त अन्य बिशिष्ट महानुभावहरूको उपस्थिति थियो। प्रहरी कलाकारहरूद्वारा विविध मनोरञ्जनपूर्ण साँस्कृतिक कार्यक्रम प्रस्तुत गरी मंगलमय शुभ-कामना चढाइने यस कार्यक्रममा राष्ट्रनायक सरकारको सुस्वास्थ्य, दीर्घायु एवं चिरसुशासनको कामना गर्दै प्रहरी महानिरीक्षकबाट टोस्ट प्रस्ताव गरियो।



*श्री ५ महाराजाधिराज सरकारका जुनाफमा प्रहरी अधिकृत तथा जवानहरूद्वारा हार्दिक अभिवादन अर्पण गर्दै।*
*His Majesty the King being accorded a Royal salute by police officers and constables.*



*शुभजन्मोत्सव समारोहमा प्रमुख अतिथिको प्रतिक्षा*
*The dignitaries waiting for the arrival of the Chief Guest.*



*शुभजन्मोत्सव समारोहमा उपस्थित महानुभावहरू*
*Dignitaries present at the Auspicious Birthday function.*







*श्री ५ महाराजाधिराज सरकारको शुभजन्मोत्सवको उपलक्ष्यमा प्रस्तुत साँस्कृतिक कार्यक्रमका विविध झलकहरू*
*Glimpses of the variety programme staged on the occasion of His Majesty's Auspicious Birthday.*

# Auspicious Birthday Function

Nepal Police has carried on unfailingly the tradition of celebrating His Majesty the King's Auspicious Birthday by organising various programmes.

In accordance with this practice, this year too, on the 14th of Poush, a police group went to the Royal Palace and offered joyous felicitations to His Majesty, and the Inspector General of Police, on behalf of Nepal Police, presented a birthday gift to His Majesty the King.

As part of the birthday celebrations, Nepal Police also staged a cultural show and hosted a dinner at Mahendra Police Club. Rt. Hon'ble Prime Minister Girija Prasad Koirala was the chief guest at the dinner where ministers, heads of the constitutional bodies, diplomats and other dignitaries were also present.

The Inspector General of Police presented a toast to the good health, long life and prosperity of His Majesty the King while the police artistes expressed sincere greetings to His Majesty through the variety of entertaining items.

# विटिङ द रिट्रिट र
# नर्मिलन समारोह''

श्री ५ बडामहारानी सरकारको न्मोत्सवको पुनित उपलक्ष्यमा कार्तिक ...को अवसर पारेर मौसूफ सरकारमा ... शुभकामना अर्पण गर्न प्रत्येक वर्ष ...ले "विटिङ द रिट्रिट" को भव्य ...ना गर्दछ।

नेपाली संस्कृति उज्गार गर्ने नृत्य ...हरू आकर्षक व्याण्ड डिस्प्ले, कवाज ...न्, जिम्नाष्टिकका कलावाज प्रदर्शनहरू, ...का साहसिक दाउपेचहरू र हावामा ...ईकिल उडाउने जस्ता रोमान्चकारी ...हरू विटिङ द रिट्रिटका आकर्षक ...तिहरू हुने गर्दछन्। पूर्ण संगीतमय ...नीमा करिव तीन घण्टाको यो ...नमा नेपाल प्रहरीका पेशागत ...लाप र कलाको सुमधुर संगमलाई ... मुटुको बढ्दो ढुकढुकी साथ अत्यन्त ...पूर्वक हेर्ने गर्दछन्।

विटिङ रिट्रिट समारोहको समाप्ति ... त्यही साँझमा आयोजना गरिने ...लन समारोहको रौनक फेरी अलग्गै छ। ...का अमूल्य वर्षहरू प्रहरी सेवामा समर्पण ... अवकाशका दिनहरू बिताईरहेका भूतपूर्व ... अधिकृतहरूलाई सम्मान आमन्त्रण गरिने ...लन समारोहमा विगतका यादहरू ताजा ...र्छन अनि पुरानो र नयाँ पिढीका प्रहरी ...हरू आपसमा आदर र स्नेहको ...लो गाँस्छन्।



विटिङ द रिट्रिटको अवसरमा राष्ट्रिय सलामी अर्पण
*Presentation of the National Anthem on the occasion of the 'Beating the Retreat".*



विशिष्ट अतिथिज्यूहरू राष्ट्रिय सलामीको अवसरमा सम्मान प्रकट गर्नु हुदै
*The distinguished guests paying respects to the National Anthem.*



...री कुकुरद्वारा बाधा पार गरेको दृष्य
*...lice dogs jumping the hurdles.*



सामुहिक बैन्ड प्रदर्शनको एक दृष्य
*A scene of the group band display.*

# 'Beating The retreat' And Reunion Function



प्रहरी मार्शल आर्टको प्रदर्शन
*A show of police martial art.*

Nepal Police organises every year the spectacular show of 'Beating the Retreat' as a mark of loyal greetings to Her majesty the Queen on Her Majesty's Auspicious Birthday on Kartik 22.

The ' Beating the Retreat' is a scintillating programme that includes traditional dances, eye-catching floats, smartly-turned bands, parades, gravity-defying gymnastic displays, robust show of self-defence skills and stunning stunts like motorcycle dare-devilry.

The three-hour-long spectacle, with a backdrop of pleasant befitting music, offers a wholesome and breathless entertainment to spectators who return impressed from this mixture of glimpses from police work and pure art.

The Reunion function that follows the 'Beating the Retreat' has its own moments. The event brings together former police officers who gave their invaluable years in the service of the nation. Old memories are revived, and the past and the present generations meet in an exchange of respect and affection.



प्रहरी सहभागीहरूद्वारा मोटर साइकलमा साहसिक क्रियाकलापको प्रदर्शन
*Display of motorcycle stunts.*



कार्यक्रमको अन्त्यमा सम्पूर्ण सहभागीहरूको समेती तथा आतसबाजि
*Assemblage of the participants and fireworks at the end of the show.*



सम्फना ताजा गर्दै (पुनर्मिलन)
*Reunion function: Renewing the old ties.*

# दीपेन्द्र प्रहरी बिद्यालयको अभिभावक दिवस तथा बार्षिक उत्सव

मुख्यतः प्रहरी कर्मचारीका बालबच्चाहरूलाई कम खर्चमा स्तरीय शिक्षा दिने उद्देश्यले स्थापित दीपेन्द्र प्रहरी माध्यमिक बिद्यालयको नवौं बार्षिकोत्सव यही २०४८ फागुन १२ गते शिक्षा दिवसको दिन भव्यरूपमा मनाईयो। उक्त अवसरमा माननीय गृह मंत्री श्री शेर बहादुर देउवाले जेहेन्दार बिद्यार्थीहरूलाई छात्रबृत्ति तथा गतवर्ष प्रवेशिका परीक्षामा उत्कृष्ट अंक ल्याई उत्तिर्ण हुने बिद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नु भयो। सोही अवसरमा शिक्षकहरूलाई पनि पुरस्कारले सम्मानित गरियो। शैक्षिक बर्ष २०४८।४९को प्रवेशिका परीक्षामा ५७ जना बिद्यार्थीहरू संलग्न भएकोमा, ५२ जना प्रथम श्रेणीमा ४ जना द्वितीय श्रेणीमा उत्तिर्ण भएका छन्।

यस बिद्यालयले अध्ययन क्षेत्रमा गरेको उल्लेखनिय प्रगतिको अलावा अतिरिक्त कृया-कलापमा पनि स्तरीयता बढाउँन सफल रहेको देखिन्छ। बिद्यालयको सफल प्रशासनिक व्यवस्था, कुशल प्रशिक्षण एंव बहुआयामिक व्यक्तित्व बिकासको लागि प्रहरी महानिरीक्षक श्री रत्न शम्शेर ज.ब.रा. ज्यूबाट प्रहरी महानिरीक्षक रनिङ ट्रफी प्रतियोगिता निम्ति ट्रफी प्रदान गर्नु भयो। यस बर्ष संचालित प्रहरी महानिरीक्षक रनिङ ट्रफी फूटबल प्रतियोगिता २०४९ मा यो बिद्यालय प्रथम भई शिल्ड प्राप्त गरेको थियो भने दोश्रो स्थानमा माउन्ट भ्याली स्कूल काठमाडौं आएको थियो। श्री ५ युवराजधिराज दीपेन्द्र बीर बिक्रम शाह सरकारको शुभ-जन्मोत्सवको उपलक्ष्यमा यही २०४९ असार १३ गते बिद्यालयमा आयोजित समारोहमा प्रहरी महानिरीक्षकज्यूबाट १ लाख ११ हजार१ सय ११ रूपैया र मध्य क्षेत्रीय प्रहरी कार्यालयका तर्फबाट प्र.ना.म.नि. मोतीलाल बोहराज्यूले १ लाख १ सय १ रूपैया बिद्यालयलाई प्रदान गर्नु भयो। यस रकमबाट खडा गरिएको कोषबाट प्राप्त हुने ब्याज रकम बाट जेहन्दार बिद्यार्थीहरूलाई अध्ययनको सुविधा दिईने छ। सोही अवसरमा प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती बाला राणाज्यूका तर्फबाट बिद्यालय प्रिन्सिपललाई आर्थिक सहयोग रकमको थैली हस्तान्तरण गरिएको थियो। उक्त रकम बिद्यार्थी छात्रबृत्ति तथा बिद्यालय सुदृढीकरणको लागि उपयोग गरिनेछ।

त्यस्तै बिद्यालय वार्षिकोत्सव समारोहका दिन प्रहरी नायब महानिरीक्षक अच्युतकृष्ण खरेलले आफ्ना स्वर्गीय माता-पिताको स्मृतिमा सरस्वती गोपीकृष्ण खरेल अक्षय कोषको' स्थापनार्थ ३१ हजार १ सय ३१ रूपैयाको थैली बिद्यालयलाई हस्तान्तरण गर्नु भयो। सो कोष कर्त्तव्य पालनको सिलसिलामा वीरगति प्राप्त गर्ने प्रहरी हवल्दार तथा जवानहरूको सन्तति मध्ये १ जना जेहेन्दार बिद्यार्थीलाई प्रत्येक बर्ष निःशुल्क शिक्षा दिलाउने उद्देश्यले स्थापना गरिएको हो।



*प्रहरी नायब महानिरीक्षक अच्यूतकृष्ण खरेलज्यू।*
*DIGP Achyut Krishna Kharel*



*दीपेन्द्र प्रहरी आवाशीय विद्यालयको बार्षिक उत्सवको अवसरमा विद्यार्थीहरूद्वारा गरिएको मार्चपास्ट को दृष्य*
*March-past by students of the Dipendra Police Boarding School on the occasion of the school's annual function.*



*विद्यार्थीहरूद्वारा मार्शल आर्ट को प्रदर्शन*
*Display of martial arts by students.*



*विद्यार्थीहरूद्वारा सामुहिक शारीरिक व्यायाम प्रदर्शन*
*P. T. show by students.*

# Parents' Day And Annual Function Of Dipendra Police School



विद्यार्थीहरूद्वारा प्रस्तुत
रङ्गमञ्च कार्यक्रम
*Cultural programme by students.*



विद्यार्थीहरूद्वारा प्रस्तुत
रङ्गमञ्च कार्यक्रम
*Cultural programme by students.*

Dipendra Police Secondary School, an institution established primarily to offer quality education at reasonable fees for the children of police personnel, observed its Ninth Annual Function on Falgun 12, 2048, which was the Education Day. On the occasion, Home Minister Sher Bahadur Deuba presented scholarships to the meritorious students and distributed prizes to last year's school leavers securing high marks.

The teachers were also awarded prizes for their efforts. In the 2048/49 School Leaving Examinations, the school had sent up 57 students of whom 52 secured first division and 4 second division.

Along with standard education the school has simultaneously made successful attempts to upgrade its extra-curricular activities. As a contribution to a healthy growth in this field, Inspector General of Police Ratna Shumsher J.B.R. has presented a trophy for the IGP Running Trophy Tournament. Dipendra Polices School booters lifted the Shield for 2049 while Mount Valley School., Kathamandu, were the runners-up.



अभिभावक दिवसका दिनमा
उपस्थित पाहुना तथा प्रहरी
अधिकृतहरू
*Guests and police officers at the Parents' Day function.*

The Auspicious Birthday of His Royal Highness Crown Prince Dipendra Bir Bikram Shah is celebrated by the school as its Parents' Day. during the Ninth Parents' Day function on Asadh 13, 2049, the IGP presented a purse of Rs. 1,11,111/ to the school while an additional amount of Rs. 1,001,01/ came from Deputy Inspector General of Police Motilal Bohra on behalf of Mid-western Regional Police Office.

The sum goes into setting up a trust and the interest accrued thereof is utilised for providing stipend and other facilities for the deserving students of the school. There were more donations. Police Families Women's Association President Mrs. Bala Rana handed over a purse on



खेलकुदमा विजयी विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाण-पत्र प्रदान गर्नुहुँदै
गृहमन्त्री श्री शेरबहादुर देउवाज्यू
*Home Minister Sher Bahadur Deuba distributing prizes and certificates to the winning students in the various disciplines of the school sports meet.*

behalf of the Association. The money will come handy for scholarships and strengthening school facilities.

On the same occasion, Deputy Inspector General of Police Achyut Krishna Kharel presented a sum of Rs. 31,131/ to the school management to institute a "Saraswoti Gopikrishna Kharel Fund" in memory of his parents. The fund was created to provide free education for a year to one deserving student from among the children of head constables or constables killed in the line of duty.



खेलकुदमा विजयी विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाण-पत्र प्रदान गर्नुहुँदै गृहमन्त्री श्री शेरबहादुर देउवाज्यू
*Home Minister Sher Bahadur Deuba distributing prizes and certificates to the winning students in the various disciplines of the school sports meet.*



विजयी खेलाडीहरूका साथमा प्रहरी महानिरीक्षकज्यू
*The Inspector General of Police with the winners.*



आई.जी.पी. रनिङ्ग ट्रफि टूर्नामेण्ट २०४९ को विजेता दीपेन्द्र प्रहरी विद्यालयका कप्तानलाई उक्त ट्रफि प्रदान गर्नुहुँदै प्रहरी महानिरीक्षक श्री रत्न शम्शेर ज.ब.रा.
*Inspector General of Police Ratna Shumsher J.B.R. presenting the trophy to the captain of the Dipendra Police School team which won IGP Running Trophy Tournament-2049.*


श्री ५ बडामहारानी सरकारको ४४ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा मौसूफ सरकारको सुख समृद्धिको लागि मंगलमय कामना व्यक्त गर्दछौं।

कृष्णनगर गा.वि.स. कार्यालय

कपिलबस्तु

# बीरेन्द्र प्रहरी अस्पतालको बार्षिकोत्सव

२०४१ सालमा स्थापित बीरेन्द्र प्रहरी अस्पतालको आठौं बार्षिकोत्सव यही २०४८ चैत्र २७ गते मनाईयो। ५० सैयाबाट शुरू गरिएकोमा हाल १५० सैया रहेको यस अस्पतालमा सेवारत एवम् अवकाश प्राप्त प्रहरी तथा उनका परिवारलाई सेवा प्रदान गर्ने गरिएको छ। उपचार सेवालाई अफ सुदृढ र सक्षम बनाउन प्रहरी परिवार महिला संघका तर्फबाट श्रीमती बाला राणाले क्यान्सर फण्डको लागि १ लाख ११ हजार २ सय ११ रूपैयाँ त्यस्तै प्रहरी महानिरीक्षक ज्यूबाट अक्षय कोषको लागि रू १ लाख र प्रहरी नायव महानिरीक्षक मोतीलाल बोहराले मध्य क्षेत्र प्रहरी कार्यालय प्रहरी पहरा गण सदर ट्राफिक तथा विमानस्थल सुरक्षागार्ड समेतका तर्फबाट सम्पूर्ण प्रहरी परिवारको उपचार सहयोगको लागि अक्षय कोषमा १ लाख ११ हजार १ सय ११ रूपैया प्रदान गर्नु भयो।

हाल यस अस्पतालमा अल्ट्रासाउण्ड स्केनिङ जनरल तथा अर्थोपेडिक सर्जरी र विभिन्न प्रकारका प्याथोलोजिकल र अन्य प्राविधिक सेवाहरू समेत उपलब्ध हुन सक्ने भएको कारण स्वास्थ्य सुविधाको क्षेत्र फराकिलो बन्न पुगेको छ।

उक्त समारोहमा प्रहरी महानिरीक्षकले अस्पतालको हातामित्र नव-निर्मित दुई वटा प्रहरी आवास भवनहरूको उद्घाटन गर्नु भयो। उक्त भवन प्रहरी स्वास्थ्यकर्मीहरूका लागि प्रयोग गरिने छ।



*श्री वीरेन्द्र प्रहरी अस्पतालको स्वास्थ्य कर्मीहरूकोलागि नवनिर्मित आवाशीय भवनको उद्घाटन।*
*Inauguration of the newly-constructed health staff quarters of Birendra Police Hospita*




श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देबी शाह सरकारको ४४ औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा
मौसूफ सरकारको सुख, स्वास्थ्य एवं समृद्धिको लागि
सभक्ति मंगलमय शुभकामना चढाउँछु।

**प्रवेश खान (कुखुरा पालक)**
वीरपुर गा.वि.स। कपिलबस्तु



वीरेन्द्र प्रहरी अस्पतालको वार्षिकोत्सवको अवसरमा मध्यक्षेत्र प्रहरी कार्यालयको तर्फबाट भूतपूर्व प्रहरी कर्मचारीहरूको उपचार र दैवि प्रकोपमा परि घाइते तथा अङ्ग भङ्ग हुनेको उपचारकोलागि अक्षय कोषको रूपमा प्र.ना.म.नि. मोतीलाल बोहराज्यूबाट रू १ लाख ११ हजार १ सय ११ प्रदान

*Deputy Inspector General of Police Moti Lal Bohara handing over a sum of Rs. 1,11,111 on behalf of Central Region Police Office on the occasion of the annual function of Birendra Police Hospital. the donation went to the hospital's revolving fund used for treatment of retired and natural calamity-hit police personnel and their familites.*

# Annual Function of Birendra Police Hospital

The Eighth Annual Day function of Birendra Police Hospital was observed on 27 Chaitra 2048 B.S. Established in 2041 B.S. with 50 beds, and now boasting of 150 beds, the hospital offers medical services to the police personnel, including the retired ones, and their families.

The hospital recently received donations to enhance its treatment capabilities. On behalf of Police Families Women's Association, Mrs. Bala Rana contributed Rs. 1,11,111/- to the hospital's Cancer Fund. The Inspector General of Police, similarly, handed over a sum of one lakh rupees to a revolving fund while Deputy Inspector General of Police Moti Lal Bohara presented another sum of Rs. 1,11,111/- to the fund on behalf of Mid-Region Police Office, Police Central Traffic and Airport Security Guards.

At present, the hospital is equipped with services related to ultrasound scanning, general and orthopaedic surgeries, and pathological and other services. These services have enabled the hospital to cater to the health needs more comprehensively.

On the occasion of the Annual Day Function, the Inspector General of Police inaugurated two newly-constructed quarters for police health personnel.



वीरेन्द्र प्रहरी अस्पतालको वार्षिक उत्सवको उपलक्ष्यमा प्रहरी परिवार महिला संघका पदाधिकारीहरूबाट रक्तदान गर्दै

*Office holders of the Police Families Women's Association donating blood on the occasion of the Birendra Police Hospital's anniversary.*

# ट्राफिक सप्ताह

जनसंख्या र सवारी साधनहरूको बढ्दो चापलाई सडकको अवस्था र सांगुरोपनले थेग्न नसक्ने स्थितिमा सवारी चालक र पैदल यात्रीहरूमा सवारी नियमको ज्ञान र यसको पालनामा देखिने त्रुटिहरूबाट सडक दुर्घटनाको तथ्यांक दिन प्रतिदिन बढ्दै गईरहेको छ।

सडकको स्थिति जे जस्तो भएपनि सवारी चालक र यात्रुहरूले सवारी नियमको पालना गरेको खण्डमा सवारी दुर्घटनाको भय र तथ्यांक निकै घट्न जाने कुरामा दुईमत हुन सक्तैन। त्यसैले सवारी नियमको पालना संग सम्बन्धित सन्देश तथा ट्राफिक कृयाकलापहरू आम-जनता समक्ष सप्रेषित गर्दा सवारी दुर्घटनाको स्थितिलाई कम गर्न निकै मद्दत पुग्ने भएकोले ट्राफिक प्रहरी बाट प्रत्येक वर्ष ट्राफिक सप्ताहको आयोजना गर्ने गरिएको छ।

ट्राफिक सप्ताहमा सामाजिक संघ संस्थाहरू, शिक्षण संस्थाहरू, बुद्धिजिवी एवं पत्रकारहरू समेतको प्रत्यक्ष सहभागितामा ट्राफिक प्रहरीले सवारी नियमको जानकारी र त्यसको उचित पालना लाई सडक अभियानको रूपमा संचालन गर्ने गरेको छ।

ट्राफिक सप्ताहको यो सडक अभियानले हप्ताभरको छोटो अवधिमै ठूलो संख्यामा सवारी चालक र यात्रुहरूलाई ट्राफिक नियमको व्यावहारिक प्रशिक्षण त दिन्छ नै, सवारी दुर्घटनाबाट बाँच र बचाउ भन्ने ट्राफिक मर्मलाई समेत आम रूपमा सप्रेषण पनि गरिरहेको हुन्छ।

**ट्राफिक सप्ताह २०४८ मा सहभागीहरू:**

१. राष्ट्रिय सेवादल।
२. नेपाल ब्यायज एण्ड गर्ल्स स्काउट।
३. लायन्स क्लव।
४. रोटरी क्लव।
५. लियो क्लव।
६. विभिन्न शिक्षण संस्थाहरू १६ वटा स्कूल।
७. बुद्धिजिवीहरू, पत्रकारहरू, तथा अन्य गन्यमान्य व्यक्तिहरू।

कार्यक्रम:

सवारी दुर्घटना रोकथाम बारे विभिन्न शिक्षण संस्थाहरूमा गई विद्यार्थीहरूलाई र सवारी चालकहरूलाई गरी प्रवचन।

छाडा वस्तु तथा फुटपाथको पसलेहरू उठाउने, हटाउने।

सवारी दुर्घटना रोकथाम बारे टि.भि. कार्यक्रम।

सावरी दुर्घटना सम्बन्धी पर्चा पम्प्लेट तथा ब्याज वितरण।

जेब्रा क्रसिङहरूमा विद्यार्थी, स्काउटहरू द्वारा स्थलगत अभ्यास।

रात्री कडा ट्राफिक चेकिङ।

घोडचढी ट्राफिक बाट गस्ति।

५-१० वर्षका केटाकेटीहरूबाट सवारी दुर्घटना तथा रोकथाम सम्बन्धी चित्र प्रदर्शनी।



ट्राफिक सप्ताह २०४८ को उद्घाटन गर्नुहुँदै तत्कालीन मन्त्री तारानाथ रानाभाटज्यू
*The then Minister Tara Nath Ranabhat inaugurating the Traffic Week-2048.*



ट्राफिक सप्ताहको ब्यानर प्लेकार्ड आदि बोकी नगरपरिक्रमा गर्दै रहेका स्काउट, विद्यार्थी तथा प्रहरी
*Scouts, students and members of the police force participating in the procession with banners and placards to mark the Traffic Week.*



ट्राफिक सप्ताहको ब्यानर प्लेकार्ड आदि बोकी नगरपरिक्रमा गर्दै रहेका विद्यार्थीहरू
*Students participating in the procession with banners and placards to mark the Traffic Week.*

## Traffic Week

More and more deaths in the streets are being recorded in the country as the pressure of population and the mounting number of vehicles are getting too much for the existing narrow and old road networks. Also contributing to the increase in road accidents is the lack of knowledge of traffic rules and negligence on the part of motorists and pedestrians.

Whatever the conditions of the roads, the graph-line of accidents could be brought down if all road-users adhered to the traffic rues. As part of the efforts to instil road-sense in the public, the Traffic Police organises, every year, Traffic Week during which messages concerning traffic safety are propagated.

Direct participation of social service bodies, educational institutions, journalists and others is enlisted to observe the week as an intense campaign to acquaint the general public with traffic rules.

The week-long drive is a very useful exercise as it succeeds in imparting practical knowledge to the public at large about traffic rules in a short time. The public, during the campaign, gets to appreciate the concept of "live and let live".

The participants of the Traffic Week-2048 were :

1) National Cadet Corps
2) Nepal Boys and Girls Scout,
3) Lion's Club
4) Rotary Club
5) Leo Club
6) Sixteen schools
7) Intellectuals, journalists and other distinguished persons.

The Traffic Week covered a wide range of traffic issues, and suitable programmes were held, including lectures for school children and motorists on the prevention of accidents, ridding the pavements of vendors, removing stray cattle from the streets, TV presentations on traffic safety, pamphleteering and badge distribution.

Other programmes included zebra-crossing guidance to pedestrians by students and scouts, stringent nightly vigilance, patrolling by mounted police and photo show on traffic accidents and prevention by children aged between 5 to 10.



ट्राफिक सप्ताह २०४८ को उपलक्ष्यमा अन्तर विद्यालय चित्रकला प्रतियोगितामा विजयी विद्यार्थीलाई पुरस्कार प्रदान गर्नुहुँदै मन्त्री रामहरी जोशीज्यू

*Minister Ram Hari Joshi distributing prizes to the winning students of the Inter-School Painting Competition held to mark the Traffic Week-2048.*



उत्तम चालककोलागी पुरस्कार प्रदान

*Presentation of prize to the 'Best Driver'*

# खेलकुद





# Sports

२६ गते श्री ५ महेन्द्र पुलिस क्लबमा आयोजना गरिएको थियो।

यस्तै २०४९ सालको २५ औं प्रहरी महानिरीक्षक सिल्ड फुटबल प्रतियोगिता काठमाडौंमा सम्पन्न भयो। सो प्रतियोगितामा हलस्त्र प्रहरी गण नं. १ टीम प्रथम र पूर्व क्षेत्रिय प्रहरी टीम द्वितीय भएका छन्।

नेपाल प्रहरी केन्द्रिय खेलकुद समितिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरू समेत तयार गरी राष्ट्रिय खेलकुद परिषद्लाई ठूलो सहयोग पु-याई आएको छ। उदाहरणको रूपमा निम्न खेलाडीहरूलाई लिन सकिन्छ।

प्र.स.नि. दल बहादुर थापा सन् १९९१ मा भारतको पुनामा सम्पन्न भएको अन्तर्राष्ट्रिय म्याराथुन प्रतियोगितामा सहभागी।

२०४८ साल पौष महिनामा श्रीलंकाको राजधानी कोलम्वोमा सम्पन्न पाचौं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा भाग लिने निम्न खेलाडीहरू रहेका थिए।

१. मन्जु श्रेष्ठ १०० मिटर र २०० मिटरमा पाचौं
२. बिसन सिंह रावल म्याराथुनमा द्वितीय
३. बिश्व नाथ भण्डारी १५०० मिटरमा पाचौं
४. सुरेश पाण्डे १०० मिटरमा पाचौं
५. राज कुमारी पाण्डे ८०० मिटर र १५०० मिटरमा पाचौं
६. खुर्सेद अहमद खाँ ज्यामलिङ थ्रोमा तेस्रो
७. धनि राम चौधरी ८०० मिटरमा पाचौं
८. लिला श्रेष्ठ १०० x ४ रिलेमा पाचौं

## Sports As A Way Of Life

Health is wealth. This age-old adage is very much at the heart of the Nepal Police's endeavours to promote overall well-being of its cadres. It is only a truism that the members of the police force, engaged as they are in a highly responsible job as maintenance of law and order, are expected to be in their peak from, mentally and physically, as far as possible so that they capably fulfil their duties. Attributes like discipline, confidence, sincerity and a sense of cooperation



*पश्चिम क्षेत्रिय प्रहरी कार्यालय पोखराको तत्वावधानमा संचालित बुद्धिचाल प्रतियोगिता को एक झलक*
*A glimpse of the chess tournament organized under the aegis of Western Region Police Office, Pokhara.*



*प्रहरी महानिरीक्षकज्यू द्वारा ब्याडमिण्टन का विजयी खेलाडीलाई पुरस्कार वितरण।*
*The Inspector General of Police presenting prizes to the winners of the badminton tournament.*



*प्रहरी महानिरीक्षकज्यू द्वारा ब्याडमिण्टन का विजयी खेलाडीलाई पुरस्कार वितरण।*
*The Inspector General of Police presenting prizes to the winners of the badminton tournament.*



*प्रहरी महानिरीक्षकज्यू द्वारा टेबुल टेनिस का विजयी खेलाडीलाई पुरस्कार वितरण।*
*The Inspector General of Police presenting prizes to the winners of the table tennis tournament.*

are essential components in a police personnel's character.

Sports is what constitutes a medium to achieve the above. Cognisant of this fact, Nepal Police has embraced sports as a way of life. As per the instruction of the Inspector General of Police, sports committees at the district, zonal, regional and central levels have been formed to develop sports in the force. Every year sports calendar is brought out and competitions in different individual





क्षेत्रिय प्रहरी फुटबल प्रतियोगितामा बिजयी नं. २ गणका टिम क्याप्टेनलाई शिल्ड प्रदान गर्नु हुँदै म.क्षे.प्र.का.का प्रहरी नायव महानिरीक्षकज्यू।

*Deputy Inspector General of Police, Central Region Police Office, presenting the shield to the captain of No. 2 Gana, the winners of the Regional Police Football Tournament.*







२०४९ को पश्चिम क्षेत्रिय प्रहरी फुटबल प्रतियोगितामा प्रथमहुने क्षे.प्र.ई.का., भैरहवा टीमका कप्तानलाई प्र.ना.म.नि. गोविन्द कर्म थापाबाट शिल्ड प्रदान।

*D.I.G.P. Govinda Karma Thapa giving away the shield to the captain of the Regional Police Unit Office, Bhairahawa, the winners of the Western Region Police Football Tournament, 2049 B.S.*



राष्ट्रिय खेलकुद परिषदद्वारा २०४८/४९ मा आयोजित विभिन्न खेलहरुमा बिजयी तथा पुरस्कृत प्रहरी खेलाडीहरू।

*The police sportspersons emerging winners at different sports contests organised by the National Sports Council during 2048/49.*

and team disciplines are regularly held. Naturally, such activities have meant that Nepal Police is able to contribute to the national efforts toward producing top-notch players.

In this context, central-level athletics, volleyball and handball tournaments of 2048 B.S. were held in Narayani stadium, Birganj.

Mid-Region Police Office bagged the top slot in the Athletics Competition while Western Region Police Office emerged as the runners-up. Similarly, Central Police Training Centre, Maharajgunj, stood first in the Volleyball Competition, with the Mid-Region spikers taking the second place. In the Handball Competition, Armed Police players were the winners while Western Region handballers stood second.

In Kathmandu, Mahendra Police Club was the venue for the 26th Badminton and 23rd Table Tennis tournaments. Both the nation-wide meets were held on 26 Shrawan, 2049 B.S.

Kathmandu again was the venue for the 25th IGP Shield Football Tournament. The 2049 B.S. tourney



पाँचौ दक्षिण एसियाली खेलकुदमा पदक प्राप्त गर्ने प्रहरी हवल्दार विशन सिंह रावल।
*Head Constable Vishan Singh Rawal, the medalist at the Fifth South Asian Federation Games.*



पाँचौ दक्षिण एसियाली खेलकुदमा पदक प्राप्त गर्ने प्र.ज. खुर्सेद अहमद खाँ।
*Constable Khurshed Ahmed Khan, the medalist at the Fifth SAF Games.*



मार्च पास्ट।
*March-past.*



पाँचौं प्रहरी महा निरीक्षक शिल्ड फूटबल प्रतियोगिताका सहभागी खेलाडीहरू द्वारा प्रदान मार्चपास्ट सलामी ग्रहण गर्नुहुँदै प्रहरी महा निरीक्षकज्यू।
*The Inspector general of Police inspecting the march-past by the participating players of the Fifth IGP Shield Football tournament.*



गोल।
*Goal!*

saw the armed police batalion No. 1 team lifting the shield by emerging the better of Eastern Regional Police squad.

Nepal Police has lent a helping hand to the National sports Council as far as possible in grooming national and international level sportspersons. Examples of Nepal police boys and girls donning the national colours in sports meets outside the country are many A.S.I. Dal Bahadur Thapa took part in the international marathon contest held in Pune, India, in 1991.

Following were the athletes from the police ranks who represented Nepal at the Fifth South Asian Federation Games held in Colombo, Sri Lanka, in Poush 2048 B.S. (The disciplines and the positions are within brackets)

1. A.S.I. Manju Shrestha (fifth in 100-m and 200-m dash)
2. H.C. Kishan Singh Rawal (Second in marathon)
3. H.C. Biswa Nath Bhandari (fifth in 1500-m)
4. H.C. Suresh Pandey (Fifth in 100-m)
5. H.C. Raj Kumari Pandey (Fifth in 800-m and 1500-m)
6. Constable Khused Ahmed Khan (Third in javelin throw)
7. Constable Dhani Ram Chaudhary (Fourth in 800-m)
8. Constable Lila Shrestha (Fifth in 100x4 relay)



विजयी स.प्र. गण नं. १ टिमा
*The winning Sasastra Prahari Gan No. 1 team.*



विजयी टिमका कप्तानलाई शिल्ड प्रदान गर्नुहुँदै प्रहरी महानिरीक्षकज्यू।
*The Inspector General of Police presenting the shield to the winning team.*

*We humbly extend our Hearty Greetings and best wishes to Her Majesty the Queen on Her Birthday*

**Yak & Yeti Hotel Ltd.**

Lal Durbar, Kathmandu

# ब्यवसायिक गतिविधि






# Professional Activity

# स्थानिय निकायको निर्वाचन २०४९ र प्रहरी

नेपाल अधिराज्यभरका ३९९५ गाउं विकास समिति र ३६ नगरपालिकाहरूमा कूल ४४५३९ पदहरूका लागि भएको निर्वाचन कार्यक्रम २ चरणमा सम्पन्न गराईएको थियो।

पहिलो चरणमा २०६० गा.वि.स. तथा ११ नपा.र दोस्रो चरणमा १९३५ गा.वि.स. तथा २५ नपा.को निर्वाचन गराईएको थियो।

पहिलो चरणको निर्वाचन कार्यक्रम वैशाख २४ गते देखि सुरू भई जेष्ठ १५ गतेको मतदान कार्य पश्चात समाप्त भयो भने दोस्रो चरणको निर्वाचन कार्यक्रम वैशाख २७ गते देखि शुरू भई जेष्ठ १८ गते मतदान कार्य सम्पन्न भएता पनि केही स्थानहरूमा विविध कारणले निर्वाचन स्थगित रहन गएको निर्वाचन कार्य तोकिएको समयमा नै सम्पन्न गरियो।

स्थानीय निकायको निर्वाचन शान्तिपूर्ण एवं सुव्यवस्थितरूपमा सम्पन्न गराउने सम्पूर्ण सुरक्षा जिम्मेवारी नेपाल प्रहरीको रहेको थियो।



केन्द्रिय निर्वाचन सेल को एक दृष्य
*A scene of the Central Election Cell.*

निर्वाचनकालीन सुरक्षा व्यवस्थाको नीति, योजना तथा कार्यान्वयनको लागि प्रहरी महानिरीक्षक श्री रत्न शम्सेर ज.ब.रा. ज्यूको निर्देशनमा प्रहरी नायब महानिरीक्षक अच्युत कृष्ण खरेलको नेतृत्वमा प्रहरी प्रधान कार्यालयमा केन्द्रीय निर्वाचन सेलको गठन भएको थियो। केन्द्रीय निर्वाचन सेलले निर्वाचनकालीन सुरक्षा व्यवस्थाको केन्द्रीय नीति, योजना तर्जुमा तथा कार्यान्वयन र निर्वाचन कार्य को केन्द्रीय समन्वय र सूचना प्रवाहको कार्य सम्पादन गरेको थियो। निर्वाचनकालीन सुरक्षा व्यवस्थाको लागि अख्तियार गरिएको निश्चित नीति तथा योजना अन्तर्गत अधिराज्यभरमा २२४८० प्रहरीहरू प्रत्यक्ष रूपमा निर्वाचन सुरक्षा व्यवस्था कायम राख्न परिचालित भएका थिए भने अस्थायी सुरक्षा सहायकका रूपमा १०,००० म्यादी प्रहरीको सहयोगको लागि खटाईएको थियो।

स्थानीय निर्वाचनको समयमा शान्ति सुव्यवस्थाको स्थिति अत्यन्तै संवेदनशील रहेको भएता पनि सुदृढ सुरक्षा संरचना अन्तर्गत परिचालित प्रहरीको प्रभावकारी कार्य सम्पादनको फलस्वरूप स्थानीय निकायको निर्वाचन आशातीतरूपमा शान्तिपूर्वक सम्पन्न

## Local Election-2049 And Nepal Police

सुचारू मतदान सम्पन्न गराउने कार्यमा दत्त चित्त प्रहरी
*Police personnel engaged in facilitating a smooth completion of the election.*



The election for the local bodies in 3995 village development committees and 36 municipalities for a total of 44,539 posts was held in two phases.

The first stage covered 2060 VDCs and 11 municipalities while the second stage saw elections in 1935 VDCs and 25 municipalities.

The election programme for the first stage including the preparations started on Baishakh 24 and ended with the voting on Jestha 15. The election programme for the second stage started on Baishakh 27 and ended on Jestha 18, the voting day for this phase. Though elections at some places had to be postponed due to different reasons, the election programme on the whole was completed within the prescribed time.

Nepal Police had the total responsibility for security to facilitate a peaceful and well-organized election. With a view to formulate policies, planning and implementation programmes for security during elections, a Central Election Cell was created at the Police Headquarters, under the direction of Inspector General of Police Ratna Shumsher J.B.R., and Deputy Inspector General of Police Achyut Krishna Kharel led the cell.

This special cell, acting as the central coordinating point and the hub of communication channels, had the task of formulating policies and programmes, and executing them for maintaining law and order during the election. In accordance with the security plan, not only some 22,480 police personnel were directly mobilized for the security, but also some 10,000 temporary recruitees were enlisted to help the regular force.

Despite the extremely sensitive nature of the job, as is usual during election times, Nepal Police was successful in carrying out its duty, thanks to good planning and subsequent implementation of the strategy chalked out accordingly.

# उद्धार कार्य

नेपाल प्रहरीले सक्रिय रूपमा महत्वपूर्ण योगदान दिँदै आएको बिभिन्न कार्यहरू मध्ये दैवी प्रकोप उद्धार कार्य पनि एक रहेको छ। विगतका बर्षहरूका साथै वर्तमान समयमा घटेको आगलागी (भृकुटी कागज कारखाना तथा सप्तरी, सुनसरी, आदि जिल्लाहरूमा भएका आगलागीहरू), देशका विभिन्न क्षेत्रमा हुने बाढी पैह्रो, सवारी दुर्घटना तथा घ्याङगफेदी विमान दुर्घटना जस्ता ठूला दैवी प्रकोप उद्धार कार्यमा प्रहरीले दिलोज्यानले निभाएको भूमिका निकै सह्रानीय रहेको छ।

यहि २०४९ साल श्रावण १६ गते बैंकक काठमाडौं उडानबाट आएको टि.जि. ३११ को थाई एयर-बस नुवाकोट जि. घ्याङगफेदी गा.वि.स. अर्न्तगत वडा नं. १ तालुकसिरमा दुर्घटनाग्रस्त हुँदा चालक दल सहित ११३ जना यात्रुको ज्यान गुमेको थियो। खोला, जंगल, ओढार र ठाडो भिर पखेरा भएको ११ हजार ५ सय फिट उचाईमा स्थित उक्त दुर्घटनास्थलमा high altitude र बाक्लो कुहिरो साथै प्रतिकूल मौसमको कारण उद्धार कार्यमा नेपाल प्रहरीले ठूलो समस्या र बाधाहरू झेल्नु परेको थियो। हेलिकप्टर समेत बस्न नसक्ने अति विकटस्थानमा घटित उक्त विमान दुर्घटनाको उद्धार कार्यको लागि नेपाल प्रहरीद्वारा घ्याङ्गफेदी र त्रि. वि.स्थलमा प्र.प्र.का. कमाण्ड पोष्ट खडा गरी २३५ जना प्रहरी अधिकृत तथा जवानहरूको उद्धार टोली परिचालन गरिएको थियो।

त्यस्तै हाले जोगीमारा स्थित त्रिशुली नदीमा खसी बेपत्ता भएको यात्रु सहितको बसको खोजी कार्यको लागि पनि नेपाल प्रहरीले जोगीमारामा कमाण्ड पोष्ट खडा गरी उद्धार कार्यमा सहभागी भएको थियो।

नेपाल प्रहरीले सिमित श्रोत र साधनको बाजजुद पनि अधिराज्यको विभिन्न क्षेत्रहरूमा हुने दैवीय घटनाहरूको उद्धार कार्यलाई समेत आफ्नो प्रमुख कर्तव्य सम्झी राष्ट्रमा हुने जन-धन क्षतिको रोकथाम र नियन्त्रणमा सक्रिय भूमिका निर्वाह तर्फ सदैव समर्पित हुदै आएको छ।





थाई विमान दुर्घटनामा परी दिवंगत हुनेहरूको सामान सनाखत कार्यमा सहयोग गर्दै प्रहरी कर्मचारीहरू (त्रिभुवन विमानस्थल)
*Police personnel at the Tribhuvan International Airport assisting in the identification of the belongings of the victims of the Thai plane disaster.*



आगलागीमा प्रहरीको उद्धार कार्य अन्तर्राष्ट्रिय सुव्यवस्थामा नेपाल प्रहरी
*Relief work during a fire disaster.*



## Relief Work

Natural disaster relief is one of the many areas where Nepal Police's active contributions are significant. In continuation of its commendable role that it has been playing in this regard in the past, the police force was swiftly and whole-heartedly involved in rescue and relief operations during the fire disasters like those at Bhrikuti Paper Mills and other different spots of Saptari and Sunsari districts. Moreover, it has been engaged in relief work in the aftermath of recurring landslips and floods, and road accidents. The air crash of Thai plane at Ghyanphedi, Nuwakot, was one of the recent events in which Nepal Police's relief works came in for much praise. During all these times, dedication and hardwork shown by the policemen were exemplary.

In fact, the crash of the Thai TG-311 on its flight from Bangkok to Kathmandu on 16 Shrawan 2049 in the hills of Talukasir, Ward No. 1, of Ghyanphedi village development committee in which all the 113 passengers and crew members perished, presented a major challenge to Nepal Police in its search and relief operations. Inclement foggy weather and the high altitude of the crash site at 11,500 feet with one of the most unfriendly terrains possible exacted very heavy efforts on the policemen who, despite the odds, ably rose to the occasion. Nepal Police mobilized a large posse of 235 officers and cadres coordinated by the Command Posts at Tribhuvan International Airport and Ghyanphedi. The search and relief efforts were rendered all the more an uphill task as the crash site proper was inaccessible even by helicopters due to the lack of a safe landing spot. However, as usual, Nepal Police acquitted itself well and subsequently earned high praise for its efforts.



उद्धार कार्यमा प्रहरी कर्मचारी (पाकिस्तान इन्टरनेशनल एअरलाईन्स)

*Police on rescue. (Pakistan International Airlines)*



Close on the heels of the Nuwakot operations, Nepal Police was once again called upon to conduct another search operation, this time at Jogimara on Prithvi Highway where a bus with all its passengers fell off the road and disappeared in the swirls of Trishuli river.

Nepal Police, therefore, has bee--inspite of the resource constraints it faces--shouldering the responsibility of controlling and mitigating loss of life and property by actively taking to the relief efforts as and where necessary.

# अन्तर्राष्ट्रिय शान्तिस्थापना कार्यमा नेपाल प्रहरीको भूमिका

अन्तर्राष्ट्रिय शान्तिस्थापना कार्यमा संयुक्त राष्ट्र संघको प्रयासलाई नेपालले सधै योगदान दिंदै आएकोमा, राष्ट्रसंघीय शान्तिस्थापना प्रयासहरूमा यसै बर्ष देखि शुरू भएको नेपाल प्रहरीको संलग्नताले यो योगदानलाई अरू महत्व प्रदान गरेको छ।

**यसै सन्दर्भमाः** सयुक्त राष्ट्र संघको अनुरोधमा युगोस्लाभियामा शान्तिस्थापना गर्ने राष्ट्रसंघीय प्रयास (United Nations Protection Force) को लागि प्रहरी प्रवोधक (Civil Police Monitor) को रूपमा नेपाल प्रहरीका ४५ जना प्रहरी कर्मचारीहरू त्यहाँ कार्यरत रहेका छन।

त्यसै गरी कम्वोडियाको राजनैतिकस्थायित्वको लागि संयुक्त राष्ट्र संघको प्रयासमा यूनाइटेड नेशन्स ट्रान्जिसनल अथोरिटी ईन कम्वोडिया अन्तर्गत राष्ट्र संघीय प्रहरी निरीक्षणकर्ताको रूपमा कार्य सम्पादन गर्न नेपाल प्रहरीको तर्फबाट ८५ जना प्रहरी कर्मचारीहरू श्रावण २२ गते त्यस तर्फ प्रस्थान गरेका थिए।

राष्ट्रसंघीय शान्ति प्रयासमा संलग्न उक्त टोलीले आ-आफ्नो कार्य क्षेत्रमा मानव अधिकार र आधारभूतस्वतन्त्रताको अधिकार उपयोगको स्थितिलाई राष्ट्रसंघीय प्रयोजनका लागि मनिटरिङ गर्ने छन्।

# Nepal Police As International Peacekeepers

Nepal has always been a ready contributor to the United Nations' efforts to keep peace in different volatile regions of the world. The country's long-time association with the world body in international peacekeeping has been further enriched with the engagement of Nepal Police as well in this noble vocation since this year.



राष्ट्र संघिय शान्ति प्रयासमा संलग्नहुन जान लागेका प्रहरी कर्मचारीहरूलाई श्रीमान प्रहरी महानिरीक्षकज्यू शुभेच्छ्याका साथ विदाई गर्नुहुदै।

*The Inspector General of Police seeing off with good wishes a batch of policemen on their departure to take part in the United Nations peace monitoring.*



राष्ट्र संघिय शान्ति प्रयासमा संलग्न हुने प्रहरी कर्मचारीलाई आफ्नो काम कर्तव्य सम्वन्धमा प्रशिक्षण दिदै।

*Orientation to the Nepalese peace-keepers participating in the United Nations peace-keeping efforts.*



राष्ट्र संघिय शान्ति प्रयासमा संलग्न हुन जान लागेवा प्रहरी कर्मचारीहरूलाई त्रि.वि. अन्तर्राष्ट्रिय विमान स्थलमा विदाई गर्नुहुदै प्र.ना.म.नि. अच्युतकृष्ण खरेल

*Deputy Inspector General of Police Achyut Krishna Kharel seeing off the police batch departing to take up a United Nations peace-keeping job.*

Nepal Police is currently represented at two of the flashpoints where the United Nations is trying to keep peace. Forty-five Nepalese police officials are deployed in Yugoslavia as Civil Police Monitors, a part of the United Nations Protection Force there.

Cambodia was the destination for another batch of 85 Nepal Police officials. The group, which left for that country on Shrawan 22, has been assigned the job of supervision under the United Nations Transitional Authority in Cambodia, a task force to help the country achieve political stability.

As the United Nations' monitors, both the groups have the task of keeping an eye in their respective areas on the situation concerning human rights and the exercise of fundamental rights



कार्यालयमा काम गरीरहेको दृष्य
*At work.*



क्रोएसियन मिलिटरी पुलिस तथा सिभिल एफियर्स अधिकारीहरूका साथ नेपाल प्रहरी का अधिकृतहरू।
*Nepalese police officers with the Croatian Military Police and Civil Affairs Officers.*


# ALL THE BEST WISHES AND GREETINGS TO HER MAJESTY THE QUEEN ON HER MAJESTY'S 44TH AUSPICIOUS BIRTHDAY

**Omoda Engineering and Consulting Co. Ltd.**

Udaipur

# बिशिष्ट व्यक्ति तथा महत्वपूर्ण स्थानको सुरक्षामा प्रहरी

प्रहरीले निर्वाह गर्नु पर्ने अन्य जिम्मेवारी बिशिष्ट व्यक्तिको सुरक्षा तथा महत्वपूर्ण स्थानहरूको सुरक्षा पनि पर्न आउंदछ। यसै सन्दर्भमा श्री ५ महाराजाधिराज सरकारको शाही पार्श्ववर्तीका रूपमा बि.सं. २०२३ साल देखि अनवरत सेवा गर्ने अवसर विभिन्न प्रहरी अधिकृतहरूले पाइरहेका छन्। हाल आएर जन निर्वाचित प्रधान मन्त्रीको सुरक्षाका लागि नेपाल प्रहरीलाई मुख्य दायित्व सुम्पिईएको प्रसंग पनि यहाँ उल्लेखनिय हुन आउंछ।

बिगतमा नेपालद्वारा आयोजना गरिएका वा अन्य संगठनद्वारा नेपाल अधिराज्यमा आयोजना गरिएको अन्तर्राष्ट्रिय र क्षेत्रिय स्तरका सम्मेलनको सुरक्षामा पनि नेपाल प्रहरीको अहं भूमिका रहेको छ। साथै नेपाल भ्रमणमा आउनु हुने राष्ट्राध्यक्ष, सरकार प्रमुख तथा अन्य बिशिष्ट पाहुनाहरूको सुरक्षाको जिम्मेवारी पनि नेपाल प्रहरीले लिएको हुन्छ।

पुराना दरबार, सरकारी कार्यालय, संसद, संचारका कार्यालय जस्ता विभिन्न दृष्टिकोणबाट महत्वपूर्ण रहेका स्थानहरूको सुरक्षामा पनि प्रहरी खटीएका हुन्छन्।



*सर्व साधारणलाई श्री ५ महाराजाधिराज सरकारबाट विजयादशमिको टिका बक्स हुदा सुरक्षामा खटिएका प्रहरी।*
*Police security on the occasion of Dashain when His Majesty the King gives tika to the general public.*

*सादा पोसाकमा विशिष्ट व्यक्तिको सुरक्षा कार्यमा दत्त चित्त प्रहरी।*
*Plainclothes police personnel at a VIP security job.*





*महत्वपूर्ण प्रतिष्ठानको सरक्षर्थ लगनशील प्रहरी*
*Police security at public institutions.*

# Police Security For VIP And Important Places

Among the major responsibilities of Nepal Police is providing security to VIP and at important places. In this connection Nepal Police takes special pride in the fact that since way back in 2023 B.S. various police officers have had the honour to perform as aide-de-camp to His Majesty the King. Also noteworthy is that Nepal police has been entrusted with the main responsibility for the security of the popularly-elected Prime Minister.

The police force's role has been very notable also in providing security at different regional and international meetings and conventions held in Nepal by Nepalese or foreign organisations and agencies. The job of Nepal Police in security arrangements at such gatherings acquires ever bigger and newer importance as Kathmandu is getting more and more to be a 'convention capital' for international organisations.

As part of the duty in this sphere, Nepal Police also provides security to the visiting presidents, heads of government and other distinguished guests.

Public buildings of importance like old palaces, government officers parliament building and communication centres are also provided routine police watch.

# प्रहरी परिवार महिला संघ

राष्ट्र सेवामा समर्पित प्रहरी कर्मचारीहका परिवारहरू पनि सामाजिक सेवाको कार्यमा संलग्न रही देश विकाशको लागि आफ्नो क्षेत्रबाटै सहयोग पु-याउन सक्दछन् भन्ने धारणालाई प्रहरी परिवार महिला संघले मुर्तरूप दिदै आएको छ। प्रहरी महानीरिक्षकज्यूको श्रीमती पदेन अध्यक्ष रहने संघको कार्यकारीणी समितीमा अन्य पदाधिकारीहरू निर्वाचित हुने गर्दछन्।

गत २०४९ भाद्र २८ गते श्रीमती बाला राणाज्यूको अध्यक्षतामा संघको कार्यकारीणी समितिको पुनगठन गरिएको थियो। नव गठित कार्यकारिणी समितिका पदाधिकारीहरू:-

| | |
|---|---|
| १. श्रीमती बाला राणा | अध्यक्ष |
| २. श्रीमती कला बोहरा | उपाध्यक्ष |
| ३. श्रीमती मनमाया पाण्डे | उपाध्यक्ष |
| ४. श्रीमती उर्मिला नेपाली | कोषाध्यक्ष |
| ५. श्रीमती लता राणा | सचिव |
| ६. श्रीमती नुमा थापा | सह-सचिव |
| ७. श्रीमती शान्ता राणा | सदस्य |
| ८. श्रीमती मुगा बान्तवा | सदस्य |
| ९. श्रीमती अंशु थापा | सदस्य |
| १०. श्रीमती श्यामा गुरूङ | सदस्य |
| ११. श्रीमती बन्दना शाह | सदस्य |

**विशेष सल्लाहाकार**

१. श्रीमती विना थापा
२. श्रीमती शान्ती शर्मा
३. श्रीमती मिना खरेल
४. श्रीमती निर्मला प्रधान र
५. श्रीमती जानकी श्रेष्ठ रहनु भएको छ।



नवगठित प्रहरी परीवार महिला संघ कार्यकारीणि समितिका पदाधिकारीहरू।
Office-bearers of the newly-constituted executive committee of the Police Wives' Association.



नववर्ष २०४९ को अवसरमा प्रहरी परीवार महिला संघद्वारा आयोजित नववर्ष मेलामा माननिय गृहमन्त्री श्री शेरबहादुर देउवालाई संघकि अध्यक्ष तथा अन्य पदाधिकारीद्वारा स्वागत।
The President and other office-bearers of the Police Wives' Association welcoming Home Minister Sher Bahadur Deupa at the association-organized New Year Fair-2049.




नववर्ष मेलाको समुद्घाटन गर्नुहुँदै माननिय गृहमन्त्रीज्यू।
Home Minister Sher Bahadur Deuba inaugurating the New Year Fair.

प्रहरी कर्मचारीका परिवारहरू महिलाहरू प्रहरी परिवार महिला संघमा संगठित भई सक्रियताका साथ सामाजिक सेवाका कार्यहरूमा सर्मपित छन्। संघको आयोजनामा हुने रमाईलो मेला, सांस्कृतिक कार्यक्रम आदि मनोरञ्जक कार्यक्रमबाट प्रहरी कल्याण एवं सामाजिक कार्यको लागि संघले आफ्नो कोषबाट दैवि प्रकोप एवं अन्य आर्थिक सहयोगका कार्यहरू गर्दै आएको छ।

यसै सन्दर्भमा यस वर्ष संघले आफ्नो कोषबाट दैविप्रकोप एवं आर्थिक रूपमा पिडित विभिन्न प्रहरी कर्मचारीहरूलाई रू. २०,००० (बीस हजार रूपैयाँ) र विद्यार्थी समुदायलाई रू. २५००।- (दुई हजार पाँचसय रूपैयाँ) को सहयोग उपलब्ध गराइएको थियो।

दिपेन्द्र प्रहरी विद्यालयको संचालन कार्यमा प्रहरी परिवार महिला संघको विशेष योगदान रहेको छ। यस वर्ष संघले प्रहरी विद्यालयलाई रू. ६,००,०००।- (छ लाख रूपैयाँ) आर्थिक सहयोग विद्यालयको छात्रवृत्ति कोषको लागि रू. ५०,१०१।- (पचास हजार एक सय एक) र वीरेन्द्र प्रहरी अस्पताललाई रू. १,११,१११।- (एक लाख एघार हजार एक सय एघार) को धनराशी अर्बुद रोग उपचार कोषको लागि रू. १,११,१११।- (एक लाख एघार हजार एक सय एघार) प्रदान गरी कल्याणकारी कार्यमा उल्लेखनिय योगदान पु-याई आएको छ।

# Police Wives' Association

The activities of the Police Wives' Association is a testimony to the fact that the contribution to social service and thereby to the national development can come from the families of police personnel too. With the wife of the Inspector General of Police as ex-officio president of the association, its executive committee is composed of other elected office-bearers.

Under the presidentship of Mrs. Bala Rana, the executive committee was reconstituted on 28 Bhadra 2049. Following are the new office-bearers.

| | | |
|---|---|---|
| 1. | Mrs. Bala Rana | President |
| 2. | Mrs. Kala Bohara | Vice-President |
| 3. | Mrs. Manmaya Pandey | Vice-President |
| 4. | Mrs. Urmila Nepali | Treasurer |
| 5. | Mrs. Lata Rana | Secretary |
| 6. | Mrs. Numa Thapa | Joint Secretary |
| 7. | Mrs. Shanta Rana | Member |
| 8. | Mrs. Muga Wantaba | Member |
| 9. | Mrs. Anshu Thapa | Member |
| 10. | Mrs. Shyama gurung | Member |
| 12. | Mrs. Bandana Shah | Member |

**Special Advisors**

1. Mrs. Bina Thapa
2. Mrs. Shanti Sharma
3. Mrs. Meena Kharel
4. Mrs. Nirmala Pradhan
5. Mrs. Janaki Shrestha

The association offers a fruitful forum to the wives of the policemen to get together organisationally and be engaged in social service. The association members periodically organize fairs and other kinds of entertainment shows to raise funds for programmes concerning police welfare and social works. The social works also include natural calamity relief.

In this context, the association this year provided Rs. 20,000/- to various members of the police force hit by natural calamity and Rs. 2500/- to students.





नव वर्ष मेलामा राखिएको राफल चिठ्ठा पर्नेलाई संघकि अध्यक्ष श्रीमती बाला राणा साँचो हस्तान्तरण गर्नुहुँदै।
*The Association President Mrs. Bala Rana handing over the key to the winner of the New Year Fair raffle.*

The association has provided special contribution to the management of Dipendra Police School. This year the association presented Rs. 600,000/- to the school and another sum of Rs. 50,101/- to the scholarship fund of the school.

In another donation, the association presented a purse of Rs. 1,11,111/- to Birendra Police Hospital and another equal sum for the Cancer Treatment Fund.

# अन्य अबसरहरू
# OTHER HIGHLIGHTS



प्रहरी महानिरीक्षक श्री रत्न शम्शेर ज.व.रा. पलान्चोक भगवती मन्दीर विकास समितीको कोषध्यक्ष गृबनाथ खरेललाई रकम हस्तान्तरण गर्नुहुँदै।
*Chif of Police Ratna Shamsher JBR handed over money to the Palanchowk Bhagwati temple development committee Gribnath Kharel.*



प्रहरी महानिरीक्षक श्री रत्न शम्शेर ज.व.रा. पू.क्षे.प्र.ता.के. भवनको उद्घाटन गर्नुहुँदै।
*Chief of Police Ratna Shamsher JBR inaugurating the East Region Police Training Centre building.*



प्रहरी महानिरीक्षक स.प्र. गण नक्सालको भान्साघर समुद्घाटन गर्नुहुँदै।
*Chief of Police inaugurating the armed police battallion kitchen building at Naxal.*



मौलो पुजामा सरिक प्रहरी कर्मचारीहरू।
Police personals at a religious ceremony



प्र.ना.मनि. ध्रुवबहादुर प्रधान दीपेन्द्र प्रहरी आवासीय विद्यालय भवनको समुदघाटन गर्नुहुँदै।
*D.I.G.P. Dhurba Bahadur Pradhan inaugurating Deependra Police Boarding School Building.*



लाजिम्पाट क्लबको सक्रियतामा निर्मित प्रहरी बुथको एक दृष्य
*A scene of police post established in the participation of Lazimpat Club.*